


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क ८९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत ३० गते बुधबार ❑ 13 April 2022 ❑ पृष्ठ ६ ❑ मूल्य रू. ५।-

## संविधानले निर्देश गरेअनुसार ऐन बनाउनुपर्छ : अध्यक्ष दाहाल

**रासस**
**काठमाडौं, २९ चैत**

नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले संविधानले निर्देश गरेअनुसार ऐन बनाउन सबै दल, कर्मचारी, विज्ञ लाग्नुपर्नेमा जोड दिनुभएको छ। आवश्यकपर्ने नीतिको अभावमा परिवर्तनको प्रतिफल नपाउने अवस्था हटाउनुपर्नेमा अध्यक्ष दाहालले बताउनुभयो।

आम नेपालीले ल्याएको परिवर्तन जनता आफैँले अनुभूति हुनुपर्नेमा उहाँको जोड छ। उहाँले भन्नुभयो, "त्यसका लागि पनि संविधानका आधारमा कानुन बनाउनुपर्छ ।"'डिजिटलाइजेसन' र 'ग्लोबलाइजेसन' को अधिकतम फाइदा लिइनुपर्नेमा अध्यक्ष दाहालको जोड छ । यसबाट कसरी फाइदा लिन सकिन्छ भनी सकारात्मक र रचनात्मक विश्लेषण हुनुपर्नेमा उहाँले बताउनुभयो।

विकासको अरुको मोडेललाई यान्त्रिक तरिकाले जसरी पछ्याउन नसकिने उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "हाम्रो आफ्नै तरिकाले बढ्दो सहरीकरणलाई व्यवस्थित गर्न आवश्यक रहेको छ।"आफू प्रधानमन्त्री हुँदा मध्यपहाडी राजमार्ग र 'लिङ्क रोड' को विकासमा विशेष ध्यान दिएको अध्यक्ष दाहालले बताउनुभयो।

आफैँले ल्याएको परिवर्तनलाई संस्थागत गर्न आवश्यक रहेको उहाँले औँल्याउनुभयो । उहाँले भन्नुभयो, "त्यसका लागि अरु मन्त्रालयहरुले पनि समन्वयात्मक ढङ्गबाट ऐन, नीति बनाउन लाग्नुपर्छ।"

पूर्वप्रधानमन्त्री झलनाथ खनालले एकीकृत सहरी विकासको गोष्टी गर्न ढिला भए पनि महत्वपूर्ण विषय भएकाले यसमा छलफल आवश्यक रहेको बताउनुभयो । सिङ्गो विश्व नै एक सताब्दीदेखि सहरीकरणमा अघि बढेको र सन् २०५० संसारको ७० प्रतिशतभन्दा बढी सहरी क्षेत्रमा बसोबास गर्ने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "एकीकृत विकास प्रक्रियामा कस्तो नीति र ऐन बनाएर जाने भनेर पछि परेका छौँ ।" अझै पनि हाम्रा सहर व्यवस्थित हुन नसकेको पूर्वप्रधानमन्त्री खनालले बताउनुभयो । हाम्रो देशमा सहरीकरण विसं. २००७ देखि सहरीकरण सुरु भएको र विसं. २०४६ पछि तीव्र भएको उहाँले बताउनुभयो । संविधानअनुसार तीन तहको सरकार बनेपछि सङ्घीय राजधानी, प्रदेश राजधानी, पालिकाको केन्द्र पनि व्यवस्थित गर्दै जानुपर्नेमा उहाँको जोड छ । गृहमन्त्री बालकृष्ण खाँडले सडकमा एउटाले बनाउने र अर्कोले खन्ने प्रवृतिको अन्त्य हुनुपर्ने बताउनुभयो। पालिकाको केन्द्रसम्म सडक पुगेका ठाउँमा पनि वडासम्म विस्तार हुननसकेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "ग्रामीण क्षेत्रसम्म पूर्वाधार निर्माणको योजना लैजानुपर्छ ।"स्थानीय तहको निर्वाधानमा सहभागी हुन गृहमन्त्री खाँडले सबै दललाई आग्रह गर्नुभएको छ । विगतमा नेपाली कांग्रेस र तत्कालीन (नेकपा माओवादी)ले मिलेर नै शान्ति सम्झौता गरेको र हाल विकासका लागि पनि सँगसँगै जानुपर्नेमा उहाँको जोड छ।

सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले गाउँका बस्ती विस्तारै रीत्तिदै गइरहेको र सहरमा क्रमशः बस्ती घना भइरहेको उहाँको भनाइ छ। सहर निर्माणलाई व्यवस्थित रुपमा अघि बढाउनुपर्नेमा उहाँको जोड छ । उहाँले भन्नुभयो, "अहिले हामीले योजनाबद्ध सहर विकास गर्न सकिरहेको छैन ।" सहरी विकासमन्त्री रामकुमारी झाँक्रीले एकीकृत सहरी विकासका लागि ऐन र नीतिको आवश्यक रहेकाले त्यसको तयारी अघि बढाइएको बताउनुभयो।

## फेवा नव वर्ष महोत्सवको तयारी पुरा

**पोखरापत्र संवाददाता**
**पोखरा, २९ चैत**



सुन्दर नगरी पोखरामा बुधबारदेखि फेवा नव वर्ष महोत्सव सुरु हुने भएको छ।

होटल संघ पोखरा नेपालको आयोजनामा बैशाख १ गतेसम्म संचालन हुने उक्त महोत्सवको अन्तिम तयारी पुरा भएको मंगलबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

लेकसाइड स्थित फिस्टेल गेट देखि हल्लनचोकसम्मको तीन किलोमिटर सडक क्षेत्रमा उक्त महोत्सव संचालनको तयारी गरिएको संघले जनाएको छ। कोभिड- १९ बाट शिथिल बनेको पर्यटन क्षेत्रलाई पुनरुत्थान गर्ने उद्धेश्य सहित पोखरामा आयोजना हुने १७ औं फेवा नव बर्ष महोत्सवले पर्यटन प्रबर्द्धन हुने संघका अध्यक्ष लक्ष्मण सुवेदीले विश्वास व्यक्त गरे।

परम्परागत नेपाली खानाको प्रस्तुतीः र विक्री, सांस्कृतिक झाँकीका कार्यक्रम, प्रख्यात कलाकारबाट पप कन्सर्ट, मनोरञ्जनात्मक कार्यक्रमहरुको प्रस्तुती र लोक दोहोरीका कार्यक्रम महोत्सवका आकर्षण रहेका छन् । अम्मट र सेन्टर प्वाइन्टमा स्टेज निर्माण गरी ती कार्यक्रमहरु संचालन गरिने संघले जनाएको छ । नेपाली संस्कृतिको संरक्षण र परम्परागत नेपाली खानाको प्रबर्द्धन गर्ने मुख्य उद्धेश्य महोत्सवले लिएको छ। पर्यटन, संस्कृति र खानालाई विशेष जोड दिएर संघले पहिलोपटक सडकमा नै महोत्सव आयोजना गर्न लागेको संयोजक सुवेदीले बताए । निवर्तमान अध्यक्ष विकल तुलाचनले कोभिडबाट थलिएको पर्यटन प्रबर्द्धन गर्न यस्ता महोत्सव तथा मेलाले थप टेवा पुग्ने बताए । महोत्सवको अवसरमा पोखरा बस व्यवसायी प्रा.लि.ले रात्रिकालिन सेवा प्रदान गर्ने भएको छ। महोत्सवमा आगन्तुक पाहुनालाई होटलमा ३० प्रतिशत छुटको व्यबस्था गरिएको अध्यक्ष सुवेदीले बताए । उक्त महोत्सवको अवसरमा पोखराका पर्यटकीय स्तरका होटलहरुको ५० प्रतिशत अग्रिम बुकिङ भएको उनले बताए। महोत्सवको अवसरमा रेवान पोखरामा आबद्ध रेष्टुरेष्टहरुले अघिल्ला बर्षकै मुल्यमा विभिन्न खानाका परिकार उपलब्ध गराउने भएको अध्यक्ष सुवेदीले जनाए। पोखरा क्षेत्रका होटलमा हाल करिब २५ प्रतिशत अकुपेन्सी रहेको जानकारी दिंदै अध्यक्ष सुवेदीले आन्तरिक र भारतीय पर्यटकको आगमन उत्साहजनक रहेको दाबी गरे। साहासिक खेल प्याराग्लाइडिङमा बिषेश छुट हुने बताएका संघका महासचिव राजेन्द्र ढकालले मुख्य प्रायोजक अन्नपूर्ण केवलकार प्रालिले महोत्सवको अवसरमा केवलकार टिकट खरिदमा १० प्रतिशत छुटको व्यबस्था गरेको बताए । उक्त महोत्सवको नेपाल पर्यटन बोर्ड प्रबर्द्धक रहेको छ।

## सत्तागठबन्धन दलबीच चुनावी तालमेल

**रासस**
**काठमाडौं, २९ चैत**

सत्तागठबन्धन पाँच दलले आसन्न स्थानीय तहको निर्वाचनमा चुनावी तालमेल गर्न विभिन्न सात आधार तय गरेका छन्।

प्रधानमन्त्री निवास बालुवाटारमा मंगलबार बसेको गठबन्धन दलका शीर्ष नेताहरूको बैठकले आगामी वैशाख पहिलो सातासम्म निर्वाचनमा सिट बाँडफाँट गर्ने बारेमा समेत सहमति गरेको प्रधानमन्त्री शेरबहादुर देउवाका कानुनविज्ञ अधिवक्ता केशवराज जोशीले जानकारी दिनुभयो। बैठकले महानगरपालिका र उपमहानगरपालिकाको प्रमुख र उपप्रमुख सिट बाँडफाँट गठबन्धनको केन्द्रीय संयन्त्रले गर्ने, नगरपालिका तथा गाउँपालिकाको प्रमुख र उपप्रमुख, अध्यक्ष र उपाध्यक्षको सिट बाँडफाँट जिल्ला संयन्त्रले प्रदेश संयन्त्रलाई सिफारिस गर्ने, प्रदेशले वैशाख ५ गतेभित्र केन्द्रमा पठाउने निर्णय गरेको उहाँले बताउनुभयो । सबै तहका वडाको अध्यक्ष र सदस्यको सिट बाँडफाँट भने जिल्लास्तरीय संयन्त्रले वैशाख ३ गतेभित्र टुङ्गो लगाउने बैठकले निर्णय गरेको छ। यसैगरी बैठकले विसं २०७४ को स्थानीय निर्वाचनमा प्रमुख पदमा विजयी नेकपा (एकीकृत समाजवादी) का उम्मेदवारहरूलाई मान्ने, गत स्थानीय निर्वाचनमा दलका उम्मेदवारले पालिका र वडामा पाएको मतको मतभार, स्थानीय निर्वाचनमा विजयी नभए पनि स्थानीय तहमा उपस्थित रही यथासक्य गठबन्धनमा सहभागीलगायत आधार मान्ने बैठकको निर्णय छ । बैठकमा प्रधानमन्त्री देउवासहित गठबन्धन दलका शीर्ष नेताहरू उपस्थित हुनुहुन्थ्यो।

## एमालेले विकास र समृद्धिको नेतृत्व गर्छ : अध्यक्ष ओली

**रासस**
**काठमाडौं, २९ चैत**

नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीले आफ्नो पार्टीले विकास र समृद्धिको नेतृत्व विगतमा गरेको र भविष्यमा पनि गर्ने बताउनुभएको छ।

एमाले महालक्ष्मी नगर कमिटीले मंगलबार ललितपुरको सिद्धिपुरमा आयोजना गरेको नयाँ वर्षको शुभकामना आदानप्रदान कार्यक्रममा उहाँले एमालेले सरकारको नेतृत्व गर्दा विकासका धेरै काम भएको उल्लेख गर्नुभयो । विसं २०५१ मा विसं २०७२ को राजनीतिक परिवर्तन पछि सरकारको नेतृत्व गर्दा एमालेले विकासका काम गरेर नागरिकको मन जितेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले पनि तीनै तहमा एमाले नेतृत्व आएमा नागरिकको समृद्धिको आकाङ्क्षा पूरा हुनसक्छ।" एमालेले समाजमा सहयोग आवश्यक पर्ने वर्गलाई विशेष सम्मान र आरक्षण गर्दै आएको पूर्वप्रधानमन्त्री ओलीले बताउनुभयो । ज्येष्ठ नागरिकलाई सामाजिक सुरक्षा भत्ता एमाले नेतृत्वको सरकारले ल्याएको र समयानुसार बढाएको उहाँले बताउनुभयो । शारीरिक अपाङ्गता भएका व्यक्ति, अशक्त, एकल महिलालगायतका बर्गले एमालेलाई नै रुचाएको उहाँले बताउनुभयो । आफूले सरकारको नेतृत्व गर्दा तुइन विस्थापित गरेर त्यस ठाउँमा झोलुङ्गे पुल निर्माणलाई अघि बढाएको अध्यक्ष ओलीले बताउनुभयो । आफूले पछिल्लो पटक सरकारको नेतृत्व गर्दा देशभरका धेरै सडक चौडा बनाएको उहाँको दावी थियो।

## आयोगद्वारा आचारसंहिता पालन गर्न गराउन ध्यानाकर्षण

**रासस**
**काठमाडौं, २९ चैत**

निर्वाचन आयोगले निर्वाचन आचारसंहितामा तोकिएको मापदण्डविपरीत पार्टीका झण्डा, पम्प्लेट र चुनाव चिह्न एवं निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग नगर्न नगराउन सबै राजनीतिक दल र उम्मेदवारलाई ध्यानाकर्षण गराएको छ।

निर्वाचन आचारसंहिताको पूर्णपालनाका लागि सम्पूर्ण राजनीतिक दल, नेतागण, कार्यकर्ता एवं सम्बद्ध सबैलाई आयोगले पुनः स्मरण गराएको हो। निर्वाचन आचारसंहिताप्रति सबै राजनीतिक दलले प्रतिबद्धता जनाइसकेको हुँदा पार्टीको झण्डा र चुनाव चिह्न तोकिएको आकारभन्दा ठूलो हुन नपाउने स्पष्ट व्यवस्थालाई राजनीतिक दल र उम्मेदवारबाट पूर्ण पालना हुन्छ भन्नेमा आयोग विश्वस्त रहेको प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताउनुभयो।आयोगकोविज्ञप्तिमा भनिएको छ, "निर्वाचन आयोगले यही चैत २५ गतेदेखि लागू हुने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एनआरएनएले गैरआवासीय नेपाली समक्ष डलर पठाउन आग्रह गर्ने

**रासस**
**काठमाडौं, २९ चैत**


गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)ले विदेशी मुद्राको सञ्चिती घट्दै गएको अवस्थालाई सुधार ल्याउन सरकारी अधिकारीको सहभागितामा गैरआवासीय नेपालीसँग अन्तरक्रिया गर्ने भएको छ।

सङ्घका कार्यकारी अध्यक्ष कुल आचार्यको अध्यक्षता तथा अध्यक्षद्वय बद्री केसी र रविना थापाको उपस्थितिमा सोमबार बसेको अन्तर्राष्ट्रिय समन्वय परिषद्को आकस्मिक बैठकले देशमा आउन सक्ने आर्थिक सङ्कट समाधानमा सरकारसँग हातेमालो गर्ने निर्णय गरेको प्रवक्ता शिव बरुवालले जानकारी दिनुभयो । बैठकले विदेशी मुद्राको सञ्चिती घट्दै गएको अवस्थालाई समाधान गर्न अर्थमन्त्री, अर्थसचिव, राष्ट्र बैंकका अधिकारी र अर्थविद् लगायतको उपस्थितिमा बुधबार बृहत अन्तरक्रिया गर्ने निर्णय गरेको हो । सो कार्यक्रममार्फत विदेशमा रहेका सबै गैरआवासीय नेपालीलाई नेपालका कुनै पनि बैंकमा डलर खाता खोल्न अनुरोध गर्ने र उक्त खातामा कम्तीमा एक हजार डलर पठाउन अनुरोध गर्ने निर्णय गरेको प्रवक्ता बरुवालले जानकारी दिनुभयो।

यस्तै बैठकले विदेशबाट अनलाइनमार्फत डलर खाता खोल्दा, डलर पठाउँदा, सो खातामा बचतमा राख्दा र आवश्यक परेका बेला उक्त रकम फिर्ता लैजाँदा आउने समस्या तथा मौद्रिक नीतिले गैरआवासीय नेपालीलाई परेको अप्ठ्यारोका बारेमा अध्ययन गरी समस्या समाधान गर्न सरकारलाई सुझाव दिने उद्देश्यले उपाध्यक्ष भुषण घिमिरेको नेतृत्वमा कार्यदल गठन गर्ने निर्णय गरेको छ। सो कार्यदलमा सङ्घका सबै उपाध्यक्ष सदस्य रहेका छन्।

उक्त कार्यक्रममा सम्पूर्ण गैरआवासीय नेपालीलाई सहभागी गराउन महासचिवद्वय गौरी जोशी र डा केशव पौडेलको नेतृत्वमा सम्पूर्ण उपमहासचिव, सचिव रहने प्रचारप्रसार समिति गठन गरिएको प्रवक्ता बरुवालले जानकारी दिनुभयो।

यसैगरी सङ्घले कोषाध्यक्षको नेतृत्वमा सबै सहकोषाध्यक्ष सदस्य रहने गरी डलर खाता खोल्नको लागि चाहिने कागजपत्र, प्रक्रिया र आर्थिक पक्षको अध्यन गरी सम्पूर्ण गैरआवासीय नेपालीलाई जानकारी गराउने र डलर खाता खोल्न सहजीकरण गर्ने निर्णय गरेको छ। पछिल्लो समय आयात बढ्दै जाँदा मुलुकमा विदेशी मुद्राको सञ्चिती घट्दै गएको छ । सरकारले विप्रेषण बढाउन पनि वैदेशिक रोजगारीमा रहेका नेपालीलाई आह्वान गर्ने तयारी गरेको बुझिएको छ । अर्थमन्त्री जनार्दन शर्माले आइतबार मुलुकको आर्थिक परिदृश्यबारे विदेशस्थित कूटनीतिक नियोगका प्रमुखलाई जानकारी गराउँदै विप्रेषण अभिवृद्धि र पर्यटन प्रवर्द्धनमा लाग्न निर्देशन दिनुभएको थियो।



# १३७ जनाको नाक, कान, घाँटी तथा थाइराइड निशुल्क परीक्षण

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

पोखरा ९ वसपार्कमा रहेको साहारा वाल आधारभुत विद्यालयका विद्यार्थीहरु तथा सर्वसाधारण १३७ जनाको नाक, कान, घाँटी र थाइराइडका विरामीहरुको आइतबार निशुल्क स्वास्थ्य परिक्षण गरिएको छ।

उनिहरुलाई स्वास्थ्य परिक्षणका साथै निशुल्क औषधि वितरण गरिएको थियो। पोखरा महानगरपालिका वडा नं. ९ को समन्वयमा शहरी स्वास्थ्य केन्द्र पोखरा-९, नयाँबजारमा अयोजित निःशुल्क स्वास्थ्य शिविर श्रीकृष्ण इएनटी केयर सेन्टर नयाँवजारका प्रा.डा. श्रीकृष्ण कोईराला सहित डा. मनिता महर्जन र डा. मनोज भट्टले स्वास्थ्य परिक्षण गर्नुभएको थियो। पोखरा ९ की कार्यबहाक वडाध्यक्ष राममाया मानन्धरको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा कार्यक्रम



संयोजक वडा सदस्य गीता चर्माकार, वडा सदस्य नन्दराम गिरी, वडा सचिव झन्कनाथ पौडेल, शान्ति दर्शन टोलविकास संस्थाका अध्यक्ष उत्तम जोशी, साहारा वाल आविका सहायक प्राचार्य राम प्रसाद पौडेल लगाएतले वोल्नुभएको थियो। नयाँवजार निवासी समाजसेवी हिरा घलेको आर्थिक तथा युवा बौद्ध संघ नदिपुरकी सचिव कमला थापाको विषेश सहयोगमा कार्यक्रम सम्पन्न भएको कार्यक्रम संयोजक गीता चर्माकारले वताउनु भयो। त्यसै गरी सोही केयर सेन्टरकी प्रवन्धक गौरी कोइराला, मधु राना, शान्ति क्षेत्री, महेश भण्डारी, सन्तोष पौडेलले औषधि वितरणमा र स्वास्थ्य स्वयमूसेवीकाहरु विनिता पौडेल, कमला केसी, लक्ष्मी गिरी, सपना विक, नानुमाया सुवेदी र पुष्पा गिरीले नाम दर्ता लगाएतका कार्यमा सहजीकरण गरेका थिए।

# नाईन ए साईड भेट्रान राष्ट्रिय फुटबल प्रतियोगिता हुने

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

गण्डकी प्रदेश युवा तथा खेलकुद मन्त्रालयले पोखरामा सर्वाधिक पुरस्कार राशीको नाईन ए साईड राष्ट्रिय भेट्रान फुटबल प्रतियोगिताको तयारीमा जुटेको छ। बैशाख २ गतेदेखि पोखरा रंगशाला फुटबल मैदानमा हुने प्रतियोगिताको आवश्यक तयारीलाई पुरा गरिसकेको छ।

'दैनिक एक घण्टा व्यायाम' नारा दिइएको छ। नयाँ पिढीलाई खेलकुदमा सहभागिता गराउन उत्प्रेरित गर्ने र ज्येष्ठ खेलाडीहरुलाई खेलकुदमा सक्रिय रुपमा जोड्ने उद्देश्यसहित मन्त्रालयले प्रथम राष्ट्रिय ९ ए साईड फुटबल प्रतियोगिता गर्ने निर्णय अनुसार आवश्यक तयारीलाई पूर्ण गरिएको प्रतियोगिताका संयोजक दिलबहादुर गुरुङले



बताए। प्रतियोगितामा ४० देखि ६० वर्ष उमेर समूहका खेलाडीहरुले सहभागिता जनाउन सक्ने छन्। प्रत्येक टिममा ५० वर्षमाथिका दुई खेलाडीलाई अनिवार्य समावेश गर्नुपर्ने प्रावधान छ। पोखराबाट ६, काठमाडौंबाट ८ टिमको सहभागिता रहने प्रतियोगितामा वालिङ, सिमरा, हेटौडाबाट समेत गरी १९ टोलीको सहभागिता रहने मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराईयो। प्रतियोगितामा नेपालबाट विभिन्न क्लबबाट व्यावसायिक फुटबल खेलसकेका पूर्व राष्ट्रिय खेलाडीहरुको सहभागिता रहने छ। युवा तथा खेलकुद मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले खेलकुदलाई बजेट छुट्टाउनुपर्नेमा जोड दिदैं खेलकुदमा गरिएको लगानीले प्रतिफल दिने बताए। 'सरकारले खेलकुदमा लगानी गर्न पछि हट्नु हुन्न। खेलकुदमा लगानी गरेको प्रतिफल आउँछ भन्ने हेक्का नहुदाँ लगानी गर्न सरकार डराईरहेको छ।' उनले भने-'प्रतियोगिता मार्फत सहभागि हुने खेलाडीले खेल पर्यटन प्रवर्द्धनमा टेवा पुर्‍याउँछन्। जुन अप्रत्यक्ष देखिन्छ।'

प्रतियोगितामा विजेता टोलीले नगद ३ लाख रुपैयाँ प्राप्त गर्नेछन्। दोस्रो पुरस्कार स्वरुप १ लाख ५० हजार रुपैयाँ प्राप्त गर्दा दुई सेमिफाईनल पुग्ने टोलीले ३०/३० हजार नगद पाउने छन्। सर्वोकृष्ट खेलाडीले नगद २० हजार राशी पाउँदा गोलरक्षक, डिफेण्डर, मिडफिल्डर, फरवार्ड र सर्वाधिक गोलकर्ताले नगद १५/१५ हजार रुपैयाँबाट पुरस्कृत हुने छन्। प्रतियोगिताको लागि ८ लाख ६० हजार खर्च हुने अनुमान गरिएको छ।

# कास्की जिल्ला ह्याण्डबल र फाइव जिआर फाइनलमा प्रवेश

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

कास्की जिल्ला ह्याण्डवल संघ र फाइव जिआरको भेट्रान्स टिम फाइनलमा प्रबेश गरेका छन्।

कास्की जिल्ला ह्याण्डवल संघ तथा भारतिय भूपू सैनिक गोर्खा ब्रिगेड नेपाल (पोखरा) संघको संयुक्त आयोजनामा पोखरामा जारी ५० बर्ष माथि उमेर समुह पुरुष तर्फको भेट्रान्स प्रतियोगिता २०७८ अर्न्तगत मंगलबारको खेलमा जित हासिल गरेसंगै दुबै टिमले उपाधिको लागि बुधबार फाइनल खेलमा प्रतिष्पर्धा गर्ने भएको संघका अध्यक्ष चित्र थापाले बताए।



मंगलबार भएको पहिलो सेमिफाइनलमा कास्की जिल्ला ह्याण्डवलको भेट्रान्स टिमले फाइव वाई थ्रि गलको टिमलाई १४ का बिरुद्ध २० गोल गरी फाइनलमा प्रबेश गरेको छ। अर्को खेलमा फाइव जिआरको टिमले नेपाल याक्स पुलिसको टिमलाई ९ का बिरुद्ध १२ गोल गरी फाइनलमा यात्रा बनाएको हो। पहिलो सेमिफाइनलमा तेज गुरुङले ८ गोल गर्नु भएको थियो भने दोश्रो खेलमा गोविन पुनले डबल ह्याट्रिक पुरा गरे।

बुधबार दिउसो करिब ३:३० बजे फाइनल खेल हुने प्रतियोगिता संयोजक क्या.विर बहादुर गुरुङले बताए। यही चैत्र २८ गते देखि सुरु भएको प्रतियोगितामा ५ टिमको सहभागिता रहेको थियो।

# राष्ट्रिय नागरिक पार्टी पोखरा ३१ को संयोजकमा विक

पोखरापत्र संवाददाता
पोखरा, २९ चैत

राष्ट्रिय नागरिक पार्टी पोखरा महानगरपालिका वडा नं. ३१ को मंगलबार आयोजित भेलाले सनमराज विकको संयोजकत्वमा ९ सदस्यीय राष्ट्रिय नागरिक पार्टी पोखरा ३१ कमिटि गठन गरेको छ।

कमिटिको सदस्यहरुमा कमल गहतराज, निर्मल विक, सुनिलराज विक, विक्रम विक, खेम विक, अर्जुन विक, सोम विक र सुवासराज विक सर्वसम्मत चयन भएका छन् भने सल्लाहकार संयोजकमा रामचन्द्र विश्वकर्मा चयन भएका छन्। भेलालाई सम्बोधन गर्दै पार्टीका केन्द्रिय



सहमहामन्त्री सागर कार्कीले पुराना राजनितिक दलले जन अपेक्षा अनुरुप काम गर्न नसकेको कारण राष्ट्रिय नागरिक पार्टीको स्थापना भएको वताउँदै नेताको चित्र र चरित्र एउटै हुनु पर्ने जोड दिनु भएको थियो। त्यसै गरी पार्टीका केन्द्रिय सदस्य तथा प्रेस सल्लाहकार कृष्ण रानाभाटले अबको वैकल्पिक राजनैतिक शक्ति नै राष्ट्रिय नागरिक पार्टी भएकोले युवाहरुको पहिलो रोजाई वन्दै गएको वताए।

सो अवसरमा केन्द्रिय सदस्यहरु लक्ष्मण सुनार, सक्रिय सदस्यहरु महेन्द्र सुनार र छविलाल सुनार, सुनिल विक, सनमराज विक लगाएतले वोलेका थिए।

# आयोगद्धारा...

गरी निर्वाचन आचारसंहितालाई कार्यान्वयनमा ल्याएको विदितै छ।

आचारसंहितामा राजनीतिक दलको जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दलको निर्वाचन चिह्न वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने व्यवस्था छ।"

उम्मेदवारको कार्यलयमा तुल (कपडा) मा बनाइएको ३/३ फिटको दलको झण्डा र सोही नापको चुनाव चिह्नबाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स, ग्लुसाइन बोर्ड, श्रव्यदृश्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्री प्रदर्शन गर्न नहुने पनि निर्वाचन आचारसंहितामा उल्लेख छ।

आचारसंहितामा निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा १८ वर्ष उमेर पूरा नभएका बालबालिकाको प्रयोग गर्न वा गराउन निषेध गरेको छ।


## कसैलाई सर्पले टोकिहालेमा

- नआत्तिऔं र विरामीलाई सान्त्वना दिऔं,
- सर्पको विष अत्यन्त छिटो फैलिने भएकोले प्राथमिक उपचारका नाममा समय खेर नफालौं,
- परम्परागत झारफूकको विधिमा नअलमलिऔं,
- जतिसक्दो चाँडो विरामीलाई अस्पताल तथा उपचार केन्द्र पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## जनहितमा जारी जरुरी सूचना

वन्यजन्तुको आक्रमणबाट हुने जनधनको क्षति वर्षेनी बढ्दो क्रममा देखिएकोले वन्यजन्तुको आक्रमणबाट बच्नको लागि सावधान होऔं। साँझ तथा रातको समयमा अति आवश्यक काम वाहेक अन्य कामका लागि वन क्षेत्र वरपर हिँडडुल नगरौं। हिड्नै परे समूहमा हिडौं। घरको कम्पाउण्ड तथा मूल ढोका राम्रोसँग बन्द गरी वन्यजन्तुको सम्भावित आक्रमणबाट आफ्नो परिवार तथा पशुधनको सुरक्षा गरौं।

अनुरोधक
प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
गण्डकी प्रदेश, पोखरा
सम्पर्क नः ०६१-४६७६५४, ०६१-४६७६६९, ०६१-४६७६७०
इमेलः moitfe4@gmail.com

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरू :

» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सर्म्पकः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सूक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हार्डी

## सम्पादकीय

# सधैंको रोइलो छोडौं

मतदाताले घण्टौं लाइनको बसेर गरेको मतदानले रोजेको प्रतिनिधि निर्वाचित होस् भन्नेमा चाहना हुन्छ। निर्वाचनमा एक मतले जित हारको फैसला हुन्छ। राजनीतिक दल र नेताहरू निर्वाचन आफ्नो पक्षमा पार्न जनताको घर दैलो गर्छन् । जसरी पनि जित्नका लागि गठबन्धन गर्ने र तालमेल गर्ने तयारी छ। जनमत आफ्नो दलको पक्षमा पार्न देशव्यापी अभियान चलाउँदै आएका छन । उमेदवार छनोटमा जति समय खर्च गरेका छन त्यति मतदाता शिक्षामा दिएका छैनन् । मतदाता शिक्षा चलाउने काम निर्वाचन आयोगको मात्र हो भनेरै दलहरु पन्छिन मिल्दैन । मत बदर हुँदा असर पर्ने उमेदवार र दललाई हो । निर्वाचन आयोगलाई दोष दिएर दल र उमेदवारले जनताले घण्टौं लाइनको बसेर गरेको मत थपिने होइन ।

निर्वाचन आयोगले निर्वाचन शिक्षा अभियानै चलाउँछ। तैपनि हरेक चुनावमा मत बदर हुन छाडेको छैन । प्रतिनिधिसभा/प्रदेशसभा निर्वाचन- २०७४ मा झन्डै १० प्रतिशत मत बदर भयो । प्रतिनिधिसभामा समानुपातिकतर्फ १० लाख ४२ हजारभन्दा मत बदर भएको थियो । दलहरूबीच गठबन्धन गर्दा दुवैको दललाई मत दिंदा धेरै बदर भयो । दस जना सांसदहरू गुमाउने अबस्था आएको कुरा दलले गम्भीरतापूर्वक लिन सकेनन् । त्यसअघि २०७४ को स्थानीय निर्वाचनमा ३.१८ प्रतिशत बदर भएको थियो । निर्वाचनको अनुभव सँगालेरै मत बदर नहोउन् भनेर त्यो साल मतदाता शिक्षामा १ अर्ब ५० करोड खर्चन गरिएको थियो । तर, नतिजा अपेक्षाकृत आएन ।

प्रजातन्त्र बहाली पछिका हरेक निर्वाचनमा सरदर ५ प्रतिशत मत बदर हुने गरेको निर्वाचन आयोगको रेकर्डले देखाउँछ । मत बदर हुनुको प्रमुख कारण मतदाता शिक्षा प्रभावकारी नहुनु नै हो । बदर मतले पार्ने असरबारे आयोगका पूर्वपदाधिकारीहरू स्वीकार्छन् । बदर मत बढ्नु मतपत्रदेखि मत प्रकट गर्ने सामाग्रीको सहि प्रयोग हुन नसक्दा हो । एउटै पानामा लामो मतपत्र र थरीथरी चुनाव चिह्नका कारण पनि मतदाता अलमलमा परेर मतपत्र बदर हुने गरेको छ । निर्वाचन आयोगले विधुतीय भोटिङ मेसिन प्रयोग गर्ने सरकारलाई विश्वास दिलाउन नसक्नु र सरकारले खर्चको निहुँमा बनाएर भाग्दै आएको छ।आउँदो स्थानीय निर्वाचनमा १६ देखि ५६ लहरको मतपत्र हुनेछ। जसलाई मतदाताले भोट दिएको हो उसको मत बदर नभइदिएको भए हारेकाले जित्ने र जित्नेले हार्ने हुने थुप्रै उदाहरणका भुक्तभोगी दलका नेताहरू आफैं छन् । तैपनि उनीहरूको घैटामा घाम लागेको छैन ।

मत बदरै नहुने उपाय हुन्छ, त्यो भनेको विद्युतीय मतदान मेसिनको प्रयोग हो। तर आफूलाई नेता हुँ भन्नेहरू नै नयाँनयाँ प्रविधि स्वीकार्न तत्पर छैनन् । बरु मत बदरै हार स्वीकार्छन्। आफूलाई सुधार्दैनन् । निर्वाचन प्रणाली सुधार्न पहल कदमी उठाउँदैनन् । मतपत्र छपाइ, मतपत्र र मतपेटिका ढुवानी, स्वस्तिक चिह्न, कलम, मसीलगायत सामग्रीमा हुने खर्चमा केही थपेर भोटिङ मेसिन किन्न सकिन्छ।सरकार र राजनीतिक दलले छिटो छरितो र विवादरहित हुने प्रबिधि प्रयोगमा लाग्नु जरुरी छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : शत्रुको भय |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : मन चञ्चल | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : कार्यमा सफलता |
| सिंह | : मानसिक तनाब | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शारीरिक झमेला | मीन | : सम्मान मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चैते दसैँ सकियो, बिकेनन् ठेकाठेकी

–तारानाथ आचार्य
बलेवा, २९ चैत (रासस)

चैत शुक्ल पक्षमा मनाइने चैत्राष्टमी अर्थात् चैते दसैँ पर्व । बागलुङ कालिका मन्दिर परिसरमा यो पर्वमा मेला लाग्ने चलन पाँच सय वर्ष पुरानो हो । बागलुङ कालिका नामक पुस्तकमा उल्लेख भएअनुसार यो पर्व बागलुङको पहिचान र ठूलो चाड हो । चैत शुक्ल पक्षको नवदुर्गामा बागलुङ कालिकाको पूजाआजा र मन्दिर परिसरमा लाग्ने मेला एकअर्काका पर्याय हुन् ।

परापूर्वकाल अहिलेको जस्तो सुविधा सम्पन्न पक्कै थिएन होला । गाउँघरमा अत्यावश्यक भाँडावर्तन, ठेकी, मदानी, डालो, नाग्लो, दाम्लो आदिको जोहो गर्ने पर्वका रूपमा चैते दसैँ मेलालाई लिइन्थ्यो । जसको घरमा जे तयार भएको छ त्यही बोकेर बागलुङ बजारमा आउने र मेलामा बिक्री भएपछि आफूलाई चाहिने अर्को बस्तुको खरिद गर्ने प्रचलन रहेको इतिहासका जानकार बताउँछन् ।

मेला भर्नकै लागि दुईतीन दिनको यात्रा गरेको अनुभव सुनाउनुहुन्छ बूढापाकाहरू । घरायसी सामग्रीको पनि अहिले जस्तो व्यावसायिक उत्पादन थिएन । आफ्नै प्रयोजनाका लागि तयार पारिएका सामग्री बचेपछि मेलामा साटफेर हुन्थ्यो । बागलुङ भारतीय सेना र बेलायती सेनामा भर्ती हुन पुग्ने युवाहरूको उर्वर भूमि पनि हो । चैते दसैँ र भारत तथा बेलायतमा रोजगारीका लागि पुग्नेसँग पनि मेलाको साइनो छ ।

वर्षभरि रोजगारीका लागि प्रदेश बसेकाहरू समेत चैते दसैँ मेला भर्नकै लागि छुट्टीमा आउँथे । मेलामा रमाउँथे । घरमा चाहिने भाँडावर्तन, लत्ताकपडा, नुन, तेल लगायतका समग्री किन्थे र वर्षभरिलाई पुग्ने भएपछि फर्किन्थे । केही वर्षपहिले चैते दसैँ मेलामा रहेको जस्तो रौनक अहिले छैन । विलाशीताका वस्तु तथा सेवाले अहिले चैते दसैँको मर्म मरेको पाका पुरानाहरूको अनुभव छ । यसैकारण स्थानीय उत्पादनको विनिमय घटाएको बताइन्छ । चैते दसैँ सुरुभएपछि बागलुङ कालिका मन्दिर परिसर कुरेर बस्नुभएका बागलुङ नगरपालिका-१२, अमलाचौरका प्रेम चुँदाराले सोमबार साँझ अँध्यारो अनुहार पार्दै सानाठूला सबै ठेकाहरू बोरामा हाल्नुभयो । लामो समय कोरोना महामारीको असर झेल्नुभएका उहाँको व्यवसाय यसपालि पनि मारमै रह्यो । यो उहाँको पुख्यौंली पेसा हो । हिजो बाउबाजेले घरका लागि बनाएर बचेका काठका भाँडा मेलामा बेच्थे भन्ने सुनेर लामो समयदेखि चैते दसैँमा ठेकाको व्यापार थाल्नुभएका प्रेमले अहिले आधुनिकताले भित्र्याएका वस्तुहरूको मार व्यहोर्नु पऱ्यो । झन्डै एक साता कालिका मन्दिर परिसरमा पर्ने बागलुङ-पोखरा सडकको छेउमा ठेका र मदानीको पसल राख्नुभएका प्रेम न धुलो र धुँवाबाट बच्नुभयो नत उहाँको व्यापार नै भयो । कालिका मन्दिर परिसरमा चैतको २६ यता दिनभर नाचगान र रमाइलो चलिरहेको थियो । मेला सकिने दिनसम्म पनि प्रेमको मनमा भने उमङ्ग आएन । कालिका मन्दिर परिसरमा त्रिपाल टाँगेर फरक-फरक स्थानीय उत्पादनदेखि नयाँनयाँ परिकार बिक्री वितरण भइरहेका थिए । भारतबाट आएका प्लास्टिकका भाँडाकुँडाको व्यापार थामिनसक्नु हुँदा ठेका र मदानी राख्नुभएका प्रेमले भने दिनभरको ज्यालासमेत उठाउन पाउनुभएन । परिवारसहित मेलामा व्यापारका लागि आउनुभएका चुँदाराले ठेका, मदानी, रक्सी खाने चुवा बिक्रीका लागि ल्याउनुभएको थियो । "पहिलेका मेलामा राम्रै व्यापार हुन्थ्यो, हेरेक वर्ष चैते दसैँमा ठेका बेचियो तर यो वर्ष व्यापार भएन," उहाँले भन्नुभयो, "सानाठूला कुनै ठेका र मदानीमा यहाँ आउनेको आँखा परेन ।"

उहाँले सानाठूला एक सय रुपैयाँदेखि ५/६ हजार रुपैयाँसम्म पर्ने ठेका मेलामा ल्याउनुभएको थियो । तर, बिक्री नहुँदा सबै ठेका फर्काउनुपर्ने अवस्था आएको उहाँले बताउनुभयो । गुल्मी पुगेर गिठे दारको काठ जोहो गरेपछि मात्रै घरमै रहेको घरेलु मेशिनले ठेका बनाउनुहुन्छ । एक्लैले ठेका बनाउन नमिल्ने भएकाले ठेका बनाउँदा लगाएको कामको ज्याला दिने खर्चसमेत प्रेमले यसपालि उठाउन पाउनुभएन ।

पहिले पहिलेका जस्तो गाउँघरमा गाईभैंसी पाल्ने प्रचलन हराएको छ । गाईभैंसी पाल्ने कमी हुँदा ठेकाठेकीको आवश्यकता कमी हुन्छ । बजारमा आएका विद्युत्‌बाट चल्ने मेशिनले आफूहरूले उत्पादन गर्ने ठेकाठेकीको खोजी कमी बनाएको अमलाचौरकै पूर्णबहादुर चुँदारा बताउनुहुन्छ । विदेशी प्लास्टिक र स्टिलका सामग्रीहरूको प्रयोग बढेका कारण गाउँघरमा समेत काठका सामग्रीको बिक्री कम हुने गरेको छ । मेलामा बिक्रीका लागि ल्याइएका अधिकांश स्थानीय उत्पादनको अवस्था उस्तै छ । "बाउबाजेका पालादेखिको सीप यही हो, ठेका र मदानी बिक्री नभए हाम्रो गुजारा चल्दैन," उहाँले भन्नुभयो, "स्थानीय उत्पादनलाई प्रोत्साहन र विदेशी सामग्री निरुत्साहित गर्ने योजना स्थानीय सरकारले बनाउनुपर्छ ।"

पहिले पहिलेका भन्दा चैते दसैँ मेलामा पुग्नेहरूको तथ्याङ्क धेरै हुन्छ तर बागलुङमा नै उत्पादन भएका वस्तु तथा सेवाको कारोवार भने बर्सेनि घट्दो छ । युवा पुस्तामा स्थानीय उत्पादनप्रतिको मोह नजगाएसम्म पहिलेको जस्तो अवस्थामा पुग्न नसकिने कास्कीबाट मेला भर्न आउनुभएका इश्वरी शर्माले बताउनुभयो । "मैले सानो ठेकी किने, एक हजार मूल्य पर्ने रहेछ, ठेकीमा राखेको दही स्वाद नै फरक हुन्छ नि," उहाँले भन्नुभयो, "ठेकीको दही खाएकालाई मात्रै थाहा हुन्छ स्वाद, फ्रिज गरेको स्टिल र प्लास्टिकमा जमाएको दही खानेले ठेकी खोज्दैनन् ।"

स्थानीय कालिगडकले तयार पारेका काठका ठेकीभन्दा बजारमा पाइने प्लाष्टिक र स्टिलका भाँडाको मूल्य कम हुने गरेकाले पनि ठेकीको व्यापार कम हुने गरेको छ । पछिल्लो समयमा मेला महोत्सवहरू सरु भए पनि बागलुङको पहिचान चैतेदसैँ मेला र कालिका भगवती मन्दिर नै वर्षको एकपटक लाग्ने र सबै पुग्ने एक मात्रै ऐतिहासिक मेला भएको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्का बताउनुहुन्छ । स्थानीयवासीले पनि कालिका मन्दिरमा लाग्ने मेलाको महत्व र यसले जिल्लाकै पर्यटनमा योगदान पुगेको बताउँछन् ।

# तमु ह्युल छोंज धीमा कर्णबहादुर

पोखरापत्र संवाददाता
चितवन, २९ चैत

तमु ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद्को अध्यक्षमा कर्णबहादुर गुरुङ तमु चयन हुनुभएको छ । मंगलबार यहाँ सम्पन्न महानधिवेशनले कर्णबहादुरको अध्यक्षतामा ६२ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको हो । परिषद्को वरिष्ठ उपाध्यक्षमा आरबी तमु, उपाध्यक्षमा यमबहादुर तमु, टेकबहादुर तमु, नरबहादुर तमु, धनमान तमु, मेनबहादुर घले, लक्ष्मण तमु, महिला उपाध्यक्षमा भगवती तमु चयन हुनुभएको छ।

महासचिवमा डम्बरबहादुर तमु, सहमहासचिवमा मनोज तमु, उपमहासचिवमा राजु गुरुङ र दिल तमु, सचिवमा सन्तलाल तमु, गोपाल तमु, जिएस तमु, महिला सचिवमा देवकुमारी तमु, कोषाध्यक्षमा सिरिसाद तमु, सहकोषाध्यक्षमा गङ्गाबहादुर तमु निर्विरोध निर्वाचित हुनुभएको हो । प्रदेश प्रमुखमा प्रदेश नं १ मा केशरमान तमु, मधेस प्रदेशमा एकबहादुर तमु, बागमती प्रदेशमा गणेशबहादुर तमु, गण्डकी प्रदेशमा दलबहादुर तमु, लुम्बिनी प्रदेशमा झपटबहादुर तमु, कर्णाली प्रदेशमा नन्दबहादुर तमु र सुदूरपश्चिम प्रदेशमा मनबहादुर तमु चयन हुनुभएको छ । काठमाडौँ उपात्याका प्रमुखमा लोकबहादुर तमु, सचिवालय सदस्यमा हरिमाया तमु चयन हुनुभएको छ । महाधिवेशनले १९ पदाधिकारी, सात जना प्रदेश प्रमुख, ३९ जना केन्द्रीय सदस्य चयन गरेको छ । महाधिवेशनले तमु बौद्ध सेवा समिति विशेष सङ्गठनबाट सदस्यमा टिकाराम तमु, अनुशासन समिति संयोजकमा केवलमान तमु, लेखा समिति संयोजकमा खेमजङ तमुलाई चयन गरेको छ । सोमबारदेखि सुरु भएको केन्द्रीय महाधिवेशनले मंगलबार १८ बुँढे घोषणापत्र जारी गरेको छ । तमु समुदायको प्यो ताँ ल्हुँ ताको संरक्षण र सम्बर्द्धन, इतिहास, भाषा, लिपी, धर्म, संस्कृति, परम्परागत मूल्य र मान्यताको संरक्षण र विकासका साथै पहिचानका लागि निरन्तर क्रियाशील रहीअघि बढ्ने, राज्यका सबै अङ्ग र तहमा संविधानमा व्यवस्था भएको समानुपातिक तथा समावेशी प्रतिनिधित्व पूर्ण रुपमा लागू गर्न घोषणा पत्रमा माग गरिएको छ ।

# राष्ट्रिय पत्रकारिता दिवसको नारा सुझाउन आग्रह

रासस
काठमाडौं, २९ चैत

आउँदो वर्ष वैशाख २४ गते मनाइने राष्ट्रिय पत्रकारिता दिवसको नारा अरु क्षेत्रका लागि पनि प्रेरणादायी हुने गरी सुझाउन राष्ट्रिय पत्रकारिता दिवस मूल समारोह समितिले सञ्चारप्रतिष्ठानसँग आग्रह गरेको छ । मूल समारोह समितिका अध्यक्ष सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीको अध्यक्षतामा मंगलबार मन्त्रालयमा बसेको समितिको बैठकले यस्तो आग्रह गरेको हो ।

मन्त्री कार्कीले पत्रकारिता दिवसलाई उदाहरणीय रुपमा सम्पन्न गर्न निर्देशन दिँदै यस दिवसका अवसरमा प्रदान गरिने पुरस्कारका लागि नाम छनोट गरिँदा योग्यता र योगदानलाई आधार बनाइने स्पष्ट पार्नुभयो । साथै, उहाँले समग्र प्रेस जगत्‌को प्रोत्साहन र सम्वर्द्धनका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको नेतृत्वदायी भूमिका रहने पनि बताउनुभयो ।

मन्त्रालयका सचिव वैकुण्ठ अर्यालले पत्रकारिता दिवसलाई दीपावलीसहित तीन दिन मनाउन सकिने बताउँदै सञ्चार क्षेत्रसँग आबद्ध सबैको यो दिवस भएकाले आ-आफ्नो संस्थाबाट गर्न सकिने कार्यक्रमको प्रस्ताव लिएर आउन सञ्चार प्रतिष्ठानसँग आग्रह गर्नुभयो ।


## सामान खरिदको लागि सूचना

जोगिमणी बुद्ध समाज/ तुम्के समाज पोखरा-१६ ले समाज घरको प्रयोजनको लागि निम्न अनुसारको सामाग्री खरिद गर्नु परेको हुँदा ईच्छुक सप्लायर कर्ताले निम्न विवरणका समानहरु उपलब्ध गराउन निम्न नम्बरमा यहि २०७९ बैशाख ६ गतेसम्म सम्पर्क गरिदिनुहोला ।

समानको विवरणः

1. Steel Plate - 70
2. Steel Glass - 70
3. Steel Spoon - 6 Dozen
4. Steel Bowl ( Kataura) -70
5. Tea Container - 2
6. Steel Tray - 2
7. Steel Jag - 2
8. Refrigerator 210 Ltr. -1
9. Water Dispenser -1
10. Pressure Cooker 18 Ltr. -1
11. Box Chair Plastic - 40
12. Music System - 1
13. LP Gass Oven big - 2
14. Silling Fan - 4

राम बहादुर गुरुङ
सचिव
मो. ९८४६०२३७८१

मन बहादुर गुरुङ
अध्यक्ष
मो. ९८१४१११६४५



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः
१९९८/०१/०८ गते

स्वर्गारोहणः
२०७८/१२/१८ गते

स्व. रमेश बहादुर बराल

पोखरा महानगरपालिका वडा नं. १३ को लामटारी सामुदायिक वन उपभोक्ता समुहका पूर्व उपाध्यक्ष रमेश बहादुर बरालको ८० वर्षको उमेरमा भएको असामयिक निधनले हामी अत्यन्तै मर्माहत र स्तब्ध भएका छौं । उहाँको स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति ईश्वरले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं ।

**लामटारी सामुदायिक वन उपभोक्ता समुह परिवार**

**पोखरा-१३**

# मनोरञ्जन र प्राकृतिक उपचारको आकर्षण बन्दै म्याग्दीका तातोपानी कुण्ड

-ध्रुवसागर शर्मा
म्याग्दी, २९ चैत (रासस)

नेपालकै प्रसिद्ध पर्यटकीयस्थल राउन्ड अन्नपूर्णमा पद यात्रा गर्ने पर्यटक र विभिन्न अस्पतालहरूमा उपचार गराएर रोग निको नभएका दीर्घरोगीहरूका लागि आजभोलि म्याग्दी जिल्लाका तातोपानी कुण्डहरू मनोरञ्जन र प्राकृतिक उपचारका आकर्षक स्थल बन्दै गएका छन् ।

पश्चिम म्याग्दीको सिङ्गा तातोपानी, उत्तरी म्याग्दीको भुरुङ तातोपानी, दर्मिजाको तातोपानी कुण्डलगायत जिल्लाका १४ ठाउँमा रहेका तातोपानी कुण्डहरूमा बाह्य र आन्तरिक पर्यटकको भीड बढ्दै गएपछि कुण्डहरूलाई व्यवस्थित बनाइएको छ । मुख्य गरी उपचार केन्द्रको गन्तव्य बनेका यी तातोपानी कुण्डहरू पछिल्लो समय राउन्ड धौलागिरि र राउन्ड अन्नपूर्णको पदयात्रामा आउने विदेशी पर्यटकहरूका लागि गतिला मनोरञ्जन स्थल पनि बनेका स्थानीयवासीले बताएका छन् । धेरै दिनसम्म हिमाली क्षेत्रमा पद मार्गमा यात्रा गर्दा युरिक एसिड, बाथ, ढाड दुख्ने, घुँडा दुख्ने, स्किन एलर्जी, यात्रामा हुने घाउ खटिराको उपचार पर्यटकहरूले म्याग्दीमा पुगेपछि तातोपानीले गर्ने गरेका छन् ।

मूलबाट नै ५० डिग्री सेल्सियसभन्दा बढी तापक्रम भएको पानी निस्कने प्राकृतिक तातोपानीका कुण्डहरूमा डुबेपछि चिसोबाट हुने रोग, ग्यास्टिक, सडके मर्केको रोगीहरू निको भएर फर्किने गरेका कारण यहाँ यस्ता बिरामीहरू आउने गरेको तातोपानी कुण्ड व्यवस्थापन समितिका सचिव कुमार केसीले बताउनुभयो ।

त्यसैगरी उत्तरी म्याग्दीको भुरुङ तातोपानी स्वास्थ्य पर्यटन र मनोरञ्जनको हब बनेको छ । मनाङ जिल्लाको थोराङ क्रस गरेर मुक्तिनाथ, जोमसोम हुँदै म्याग्दीको भुरुङ तातोपानी आइपुग्ने बित्तिकै पर्यटकहरू तातोपानीको कुण्डमा नुहाउन थाल्दछन् । कतिपय पर्यटकहरू त थकाइ मेटाउन घण्टौंसम्म कुण्डमा डुबुल्की मारिरहन्छ । तातोपानी कुण्डमा डुबेर स्नान गरेमा बाथ, ग्यास्ट्रिक, गानोगोला, चर्मरोगदेखि लिएर प्यारालाइसिस जस्ता रोग निको हुने जनविश्वासका कारणले पनि पर्यटकहरू तातोपानीमा नुहाउँछन् । भुरुङ तातोपानी पर्यटकीयस्थलका रूपमा विकास भएको छ । भुरुङ तातोपानीबाट केही पर्यटक शिख घारको उल्लेरीको उकालो चढ्दै म्याग्दीको घोडेपानीमा रहेको पुनहिलतर्फ जान्छन् भने केही कालीगण्डकीको किनार किनारै म्याग्दीको सदरमुकाम बेनी निस्केर ढोरपाटन जाने पनि गर्दछन् । अन्नपूर्ण पदयात्रामार्गअन्तर्गत पर्ने म्याग्दीको घोडेपानीमा पर्यटकहरूको लागि आकर्षणको केन्द्र विन्दु मानिन्छ । समुन्द्री सतहदेखि तीन हजार २१० मिटरको उचाइमा अवस्थित पुनहिलबाट मनोरम प्राकृतिक छटाको दृश्यावलोकन गर्न सकिन्छ । भुरुङ तातोपानीको आसपासमा मात्रै पाँचवटा तातोपानीका मुहान छन् । स्थानीय मानिसहरूले आफूलाई पायक पर्ने मुहानमा नुहाउने गर्दछन् । तप्तकुण्डमा स्नान गर्नाले रोगबाट मुक्ति पाइन्छ भन्ने विश्वास छ ।

भुरुङ तातोपानी कुण्डलाई वरिपरि पर्खाल लगाएर व्यवस्थित बनाइएको छ । मुक्तिनाथ जाने बाटोमा पर्ने भएकाले भुरुङ-तातोपानी तप्तकुण्डमा तीर्थाटन पर्यटकहरूले समेत नुहाउने गर्दछन् । मुस्ताङ र मुक्तिनाथ क्षेत्रको भ्रमणमा भारतका तीर्थयात्री र तेस्रो मुलुकका पर्यटकहरू पुग्ने गर्दछन् । तातोपानी कुण्डमा तीन वर्षसम्म वर्षको दुईपटक १०/१२ दिनसम्म डुबेपछि लामो समयसम्म निको नभएका रोग पनि यहाँ डुबेपछि निको भएको बिरामीले बताएका छन् । उपचार गर्नकै लागि स्वदेश तथा विदेशका महँगा अस्पतालमा पुगेर उपचार गर्दासमेत निको नभएको रोग तातोपानी कुण्डमा डुबेर निको भएको तातोपानीमा डुबेर रोग निको भएका विरामीहरूको भनाइ रहेको छ । म्याग्दीको सदरमुकाम बेनीबजारदेखि नौ किलोमिटर पश्चिममा पर्ने तातोपानी कुण्ड प्राकृतिक चिकित्सालयका रूपमा देश-विदेशमा समेत चर्चित छ । यहाँ एक हप्तादेखि १२ दिनसम्म डुबेपछि विभिन्न चर्मरोग, चोटपटक, ग्यास्ट्रिक, गानोगोलादेखि लिएर प्यारालाइसिससम्म निको भएको बिरामीले बताएका छन् । देशका विभिन्न नाम चलेका अस्पतालमा उपचार गराएर निको नभएका बिरामीसमेत पछिल्लो समय तातोपानीमा आउन थालेका कुण्ड व्यवस्थापन समितिका अध्यक्ष वीरेन्द्रमान शाक्य बताउनुहुन्छ । लामो समयसम्म थलिएर उपचारका लागि यहाँ डुब्न आएका बिरामीले पनि तातोपानीमा डुबेपछि आफ्नो रोग निको भएको बताएका छन् । नवलपुलको गैंडाकोट नगरपालिका १२ हर्कपुरकी लक्ष्मी पौडेलले आफू ९ वर्षसम्म तातोपानीको कुण्डमा निरन्तर रूपमा डुब्न आएको बताउनुभयो । उहाँले आफ्नो ढाड र घुँडा दुख्ने समस्या रहेकामा निरन्तर रूपमा तातोपानी कुण्डमा आएर डुबेपछि निको भएको बताउनुभयो । वर्षमा एक पटक म्याग्दीको सिङ्गास्थित तातोपानी कुण्डमा डुब्यो भने एक वर्षसम्म रोग निको हुने उहाँको भनाइ छ ।

म्याग्दीका तातोपानी कुण्डमा दुई वर्षअघिसम्म हरेक वर्ष स्वदेश तथा विदेशबाट २० हजारको हाराहारीमा बिरामीहरू डुब्न आउने गरेका थिए । तर विश्वव्यापी रूपमा फैलिएको कोरोना महामारीका कारण बितेका दुई वर्ष तातोपानी कुण्डहरू सुनसान नै रहे । पछिल्लो समय कुण्डमा बिरामीलाई लक्षित गर्दै विभिन्न किसिमका भौतिक पूर्वाधारहरू विस्तार गरिएको छ । तातोपानी कुण्ड व्यवस्थापन समितिले कुण्डमा स्नान गर्नकै लागि भनेर सहज व्यवस्थापन मिलाएको छ । तातोपानीमा उपचारका लागि आउने यातायातका साधनहरू नै यहाँ आउन सक्छन् । देशका सबै ठाउँबाट बेनीसम्म यातायातका साधन आउने गर्दछन् । बेनीदेखि पनि तातोपानी कुण्डसम्म पुग्नका लागि बस, ट्याक्सी, जिप लगायतका सबै साधन पाइन्छन् । बेनीदेखि बसमा रु एक सय र ट्याक्सीमा रु २५० तिरेपछि तातोपानीमा पुग्न सकिन्छ ।

# उम्मेदवार सिफारिस गर्न नै मतदान

पोखरापत्र संवाददाता
दमौली, २९ चैत

नेकपा एमाले भिमादनगर कमिटीले आसन्न स्थानीय तह निर्वाचनमा प्रमुख पदको उम्मेदवार छनोटका लागि मतदान गरेको छ ।

प्रमुख पदका लागि आठ जना आकाङ्क्षी भएपछि भिमाद नगर कमिटीले आज मतदानमार्फत् दुई जनाको नाम जिल्ला कमिटीमा सिफारिस गरेको हो । मतदानमार्फत् भिमाद नगर कमिटीका अध्यक्ष इमानबहादुर थापा र दधिराज सुवेदी प्रमुख पदका उम्मेदवारका लागि सिफारिस हुनुभएको छ । थापाले ५७ र सुवेदीले ५८ मत प्राप्त गर्नुभएको छ । वर्तमान नगरप्रमुख मेखबहादुर थापाले ३६ मत प्राप्त गर्नुभयो ।

यसैगरी उपप्रमुखमा शारदा खनाल, नारायणी गैह्रे र चन्द्रावती श्रेष्ठ सिफारिस हुनुभएको छ । एमालेको विधान बमोजिम प्रमुख र उपप्रमुखमा क्रमशः दुई पुरुष र एक महिला उम्मेदवार सिफारिस गर्नुपर्ने प्रावधान थियो । सबै उम्मेदवारबीच छलफल भएपनि सहमति नभएपछि मतदानमार्फत् उम्मेदवार सिफारिस गरिएको बताइएको छ । घिरिङ गाउँपालिकामा पनि उम्मेदवार सिफारिसका लागि मतदान भएको छ । एमालेले मतदानमार्फत् अध्यक्ष र उपाध्यक्षका उम्मेदवार सिफारिस गरेको छ । अध्यक्षमा दश जना आकाङ्क्षी भएपछि गाउँ कमिटीले मतदानमार्फत् उम्मेदवार टुङ्गो लगाएको हो । अध्यक्षका लागि वर्तमान अध्यक्ष रनबहादुर राना र होमबहादुर थापा सिफारिस हुनुभएको छ । उपाध्यक्षमा भने वर्तमान उपाध्यक्ष सरस्वती सिग्देल सिफारिस हुन सक्नुभएन । उपाध्यक्षका लागि दुर्गा थापा, सुकमाया गुरुङ र राधा अधिकारी सिफारिस हुनुभएको छ ।

ऋषिङ गाउँपालिकाको अध्यक्षका लागि नेकपा एमालेका चार जनाले दावी गरेका छन् । गाउँपालिकाको बैठकमा एमालेका चार जनाले अध्यक्षका लागि आकाङ्क्षा व्यक्त गर्नुभएको हो ।

गाउँपालिका अध्यक्षका लागि एमाले जिल्ला उपाध्यक्ष हरिराज कंडेल, सचिव राजेश्वर ढकाल, ऋषिङ गाउँ कमिटीका अध्यक्ष गन्जसिं गुरुङ र सचिव कविराज श्रेष्ठले इच्छा व्यक्त गर्नुभएको छ । यस्तै उपाध्यक्षका लागि हुमादेवी रानाभाट, मधुमाया थापा, तारादेवी थापा र सुशीला गिरीले आकाङ्क्षा व्यक्त गर्नुभएको छ ।

व्यास नगरपालिकाको प्रमुखमा नेकपा एमालेबाट १२ जना आकाङ्क्षी देखिनुभएको छ । नेकपा एमाले व्यास नगर कमिटीको सोमबार आयोजित बैठकमा नगरप्रमुख पदमा १२ जनाले आकाङ्क्षा व्यक्त गर्नुभएको हो ।

नगरप्रमुखका लागि राजेन्द्र कार्की, रत्नकुमार श्रेष्ठ, ईश्वरबहादुर विष्ट, कुलबहादुर थापा, दीपेन्द्रराज शाही, अनिल पाण्डे, देवीबहादुर बस्नेत, दीर्घबहादुर दरै, प्रदिप अधिकारी, तुल्सीराम पाण्डे, सीता पाण्डे र ऋषिराम भुसालले आकाङ्क्षा व्यक्त गर्नुभएको छ । त्यस्तै उपप्रमुखका लागि बसुन्धरा घर्ती, वेदकुमारी वाग्ले र वीरेन्द्र अधिकारीले दावी गर्नुभएको बताइएको छ ।

# नौबुँदे घोषणापत्र सार्वजनिक गर्दै सम्मेलन सम्पन्न

रासस
काठमाडौं, २९ चैत

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को आयोजना तीन दिनसम्म सञ्चालन भएको आठौं स्वास्थ्य तथा जनसङ्ख्या वैज्ञानिकको शिखर सम्मेलनले नौबुँदे घोषणापत्र सार्वजनिक गरेको छ ।

काठमाडौँमा सम्पन्न भएको तीन दिने सम्मेलन वैज्ञानिक स्वास्थ्य अनुसन्धान र प्रमाण सङ्कलनको कार्यमार्फत नीति तर्जुमा कार्यलाई सहज बनाउन सङ्घीय संरचनामा क्षमता अभिवृद्धि गर्नुपर्नेमा जोड दिइएको छ । सम्मेलनले स्वास्थ्य क्षेत्रलाई अनुसन्धान, शिक्षण संस्था र उद्योगलगायत निकायसँग समन्वय गर्ने, बायोमेडिकल, एपिडेमिलोजिकल, क्लिनिकल अनुसन्धानका कार्यलाई विभिन्न सरोकारवाला निकायसँग संयोजन गरी प्रमाणमा आधारित नीति र कार्यक्रम तर्जुमा गर्ने, जलवायु परिवर्तनका सम्भावित खतरा, प्राकृतिक विपत्ति र उदीयमान सरुवा रोगको पहिचान र नियन्त्रण योजना बनाउनलाई आवश्यक नवीन प्रविधि प्रयोग गर्ने घोषणापत्रमा उल्लेख गरिएको छ । यस्तै मातृशिशु तथा बाल स्वास्थ्य कार्यक्रमको माध्यमबाट मृत्युदर न्यूनीकरणका लागि बहुपक्षीय प्रयत्नलाई सुदृढ गराउने उल्लेख गरिएको छ ।

# नेपाल र दक्षिण कोरियाबीचको इपिएस सम्झौता छिट्टै नवीकरण हुने

रासस
काठमाडौं, २९ चैत

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठसँग नेपालका लागि दक्षिण कोरियाका राजदूत पार्क चोङ-सुक्ले शिष्टाचार भेट गर्नुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा मंगलबार भएको भेटमा उहाँहरूबीच दुई देशबीच रहिआएको सम्बन्ध, आपसी हित र चासोका विषयमा छलफल भएको थियो । मन्त्री श्रेष्ठले सन् २०२० देखि नवीकरणको प्रक्रियामा रहेको रोजगार अनुमति प्रणाली (इपिएस) सम्बन्धी द्विपक्षीय समझदारीलाई छिट्टै टुङ्गोमा पुऱ्याउन राजदूत पार्कसँग आग्रह गर्नुभएको थियो ।

राजदूत पार्कले इपिएससम्बन्धी सम्झौतापत्र चाँडो नवीकरण गर्न आवश्यक तयारी गर्ने बताउनुभयो । सन् २००७ मा नेपाल र दक्षिण कोरिया सरकारबीच भएको रोजगार अनुमति प्रणालीसम्बन्धी द्विपक्षीय समझदारी पछिल्लो पटक सन् २०१८ मा नवीकरण भएको र तत्पश्चात् २०२० देखि नवीकरणको प्रक्रियामा रहेको छ । मन्त्री श्रेष्ठले कोरियाली भाषा परीक्षा पास गरेका १० हजार नेपाली कोरिया जाने प्रक्रियामा रहेकाले उनीहरूलाई छिटो लैजाने व्यवस्था गर्न आग्रह गर्नुभएको थियो । रोजगार अनुमति प्रणालीअन्तर्गत नेपालले पाउने कोटा बढाउन पनि उहाँले आग्रह गर्नुभयो ।

दक्षिण कोरियाले सन् २००८ देखि कोटा छुट्याएर नेपाली कामदार लैजाँदै आएको छ । इपिएस प्रणालीअन्तर्गत १६ देशका विदेशीहरू रोजगारीका लागि कोरियाली भाषा परीक्षा दिई कोरियामा श्रम गर्दछन् । इपिएसअन्तर्गत नेपाली कामदारको सङ्ख्या बढाउन दक्षिण कोरिया सरकार सकारात्मक रहेको राजदूत पार्कले बताउनुभएको थियो । सन् २०१८ मा इपिएसअन्तर्गत भाषा परीक्षा पास गरेका दुई हजार नेपाली रोष्टरमा रहने म्याद सकिएकाले प्रक्रियामा सहभागी हुन नपाएको भन्दै मन्त्री श्रेष्ठले म्याद थप गरी प्रक्रियामा सहभागी गराउन आग्रह गर्नुभयो । मन्त्री श्रेष्ठले रोजगार अनुमति प्रणाली (इपिएस)अन्तर्गत दक्षिण कोरिया रोजगारीमा जानेहरूका लागि भाषा परीक्षा आगामी मे ३० बाट सुरु गर्ने मन्त्रालयको तयारी रहेको बताउनुभयो ।

रोजगार अनुमति प्रणालीअन्तर्गत नेपाली नागरिक दूलो सङ्ख्यामा दक्षिण कोरिया जाने गरेकाले नेपाली ध्वजावाहक नेपाल वायु सेवा निगमलाई पनि कोरियामा सूचीकृत गर्न, कोभिड महामारीका कारण सीधा उडान मात्र हुने गरेकाले ट्रान्जिट हुँदैसमेत जाने व्यवस्था गर्न पनि उहाँले आग्रह गर्नुभयो । जसबाट हवाई भाडा सस्तो पर्ने मन्त्री श्रेष्ठको भनाइ छ । नेपाल वायुसेवा निगमले पनि काठमाडौं-कोरिया उडानको प्रयत्न गरिरहेको मन्त्री श्रेष्ठले जानकारी दिनुभएको थियो ।


## उद्योग बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रथम पटक प्रकाशित सूचना २०७८/१२/२९

यस कार्यालयमा मिति २०७७/१२/१७ मा कास्की जिल्ला ०४ पराजुली मार्ग कि.नं. ५४ मा संचालन गर्नेगरि भद्रपुर नगरपालिका ०२ झापा निवासी राजु मगरको नाउँमा दर्ता भएको उ.द.नं. १९७८९/०७७/०७८ को योगेश हट एण्ड स्पाइसी खाजा घरको प्रोपाइटर राजु मगरको मिति २०७८/१२/२९ मा फर्म बन्द गरिपाउँ भनि आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने उद्योग बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो उद्योगमा अरु कसैको हकदावी एवं उद्योगको कुनै पनि प्रकारको आर्थिक बक्यौता लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ । म्यादभित्र लिखित उजुरी नपरेमा उक्त उद्योग नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**



## Pokhara Metropolitan City
## Office of Municipal Executive
Newroad, Pokhara

## Invitation for Bids

**IFB No: 59, 31-Re/PMC/078-079**
**(First Date of publication: 2078/12/30)**

1. Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad, Pokhara invites online bids for SQ, NCB Contracts under e-procurement system from eligible bidders for the construction of Projects mentioned below;

| SN No. | Contract ID No. | Description and location of work | Bid Document Fee (NRs) | Bid Security Amount (NRs) | Estimate Amount Without VAT and with PS (NRs.) | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | 154/PMC/SQ/W/078-79 | Upgrading of Pandit Marga (Landfill Site Area), PMC - 14 | 1,000.00 | 30,000.00 | 10,31,838.21 | 75 days |
| 2 | 85/PMC-Re/NCB/G/078-079 | Procurement and Supply of veterinary Drugs, PMC | 3,000.00 | 78,000.00 | Na | 90 days |

2. Purchase, Submission and Opening:

| Contract No. | Pre-Bid Meeting | | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time | Date | Time |
| For NCB Contract | 04/19/2022 | 12:00 | 04/28/2022 | 12:00 | 04/28/2022 | 12:00 | 04/28/2022 | 1:00 |
| For SQ Contract | Na | Na | 04/28/2022 | 12:00 | 04/28/2022 | 12:00 | 04/28/2022 | 1:00 |

| Bank Name | Name of Office | Revenue Account No. | Deposit Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Prithivi Chowk Branch, Kaski | Pokhara Metropolitan City, Office of Municipal Executive, Newroad | 3020100301010002 | 3020100301010002 |

3. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (11th Amendment, 2078).
4. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO's website http://bolpatra.gov.np/egp, as specified in the Bidding data sheet for provision of E-Bidding..
5. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
6. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

# पुर्ख्यौली पेसा आरनबाटै मासिक लाख कमाइ

–खेमराज गौतम
बागलुङ, २९ चैत

नेपालमा पछिल्लो समय आरन व्यवसाय धरासायी बन्दै गइरहेको पाइन्छ । आरन व्यवसायबाट गुजरा चल्न छाडेपछि विभिन्न पेसा व्यवसाय अगाल्नेको लर्कोनै लागेको समयमा बागलुङको बिहुँ घर भई गलकोट नगरपालिकाको केन्द्र हटिया बजारमा आरन व्यवसाय गर्दै आएका विश्वकर्मा परिवारका तीन भाइ भने यही पेसाबाटै सन्तुष्ट भएका छन् ।

भाइ-भाइबीच रिसराग हुने नेपाली समाजमा यहाँ तीन भाइले एकै स्थानबाट १२ वर्षदेखि आरन पेसालाई व्यवसायिक बनाएका छन् । काठेखोला गाउँपालिका-५ बिहुँ घर भई १२ वर्षदेखि तीन भाइले हटिया बजारमा तामाका भाँडाकुडा र बजारका सामग्री बनाउँदै आएका छन् । जेठो भाइ देवीलाल विश्वकर्मा, माइलो कृष्ण विश्वकर्मा र कान्छो रामबहादुर विश्वकर्माले संयुक्त रूपमा हटिया बजारमा बिहुँ आरन सेवाका नामले आफ्नो व्यवसाय सञ्चालन गर्दै आइरहेका छन् ।

उनीहरूले आफ्नो पुर्ख्यौली पेसा व्यवसाय धान्दै आएका मात्रै छैनन्, संयुक्त रूपमा मासिक एक लाख भन्दा बढी आम्दानी समेत गर्दै आएका छन् । सुरुमा पुर्ख्यौली पेसालाई विश्वास नगरेका उनीहरू विदेशको दुःखले खारिएको बताउँछन् । पुर्ख्यौली पेसा छोडेर १२ वर्षअघि विदेश गएका तीन भाइ त्यहाँबाट फर्केर तामाको भाँडाकुडा निर्माण र बाजाका सामग्री बनाउन थालेका हुन् । उनीहरूले उत्पादन गरेको तामाका सामग्रीलाई बजारको अभाव भने छैन । जेठो भाइ देवीलाल विश्वकर्मा चार वर्ष मलेसिया, माइलो कृष्ण विश्वकर्मा सात वर्ष मलेसिया र कान्छो रामबहादुर विश्वकर्मा ६ वर्ष साउदीमा बिताएका थिए ।

सात वर्ष मलेसियामा दुःख गरेपनी भनेजस्तो राम्रो कमाइ नभएपछि फर्केर गलकोटको हटिया बजारमा आरन सञ्चालनमा ल्याएको माइलो भाइ कृष्णले जानकारी दिनुभयो । “विदेशमा केही हुन्छ की भनेर गइयो, आखिर दुःखनै रैछ, त्यसैले पुर्ख्यौली पेसा जोगाउँदै आरन व्यवसाय गर्ने निधोका साथ हटिया बजार झरेका थियौं”, उहाँले भन्नुभयो, “आरन व्यवसायसमेत परिवर्तन भएको छ, अहिले हामीले फलामका भाँडाकुडा र औंजार बनाउनै भ्याइन छोड्यौं, अहिले हामीले तामाका भाँडा त्यो पनि सजावटका सामग्री, फिल्टर, जग, नौमती बाजा बनाउन थालेका छौं ।” विश्वकर्माले पछिल्लो समय आरनमा फलामको भाँडा बनाउने समयनै नभएको बताउनुभयो । उहाँले हटिया बजारका घरमा सजाउनका लागि सर्वाधिक रूपमा कलश (हत्तर)को माग बढेकाले बढी त्यही निर्माण गर्ने कार्यमा जुटेको उहाँको भनाइ छ । विदेशमा गरेको दुःख भन्दा आफ्नै पेसालाई थप आधुनिकतासहित परिमार्जन गरेर अगाल्नका लागि स्वदेशमा फर्केको उनीहरूले बताउभयो । तामाको भाँडा बनाएरै रमाएका उनीहरूले मासिक एक लाख बढी कमाइ भएको बताउँछन् ।

तामाको भाँडामा पानी खाने प्रचलन भएको बताउँदै तामाको भाँडाको अत्याधिक माग रहेकाले अहिले त्यतै आफ्नो आरन व्यवसाय केन्द्रित भएको अर्का भाइ रामबहादुर विश्कर्माले बताउनुभयो । आरनमा तीन भाइ मिलेर काम गर्ने र भएको आम्दानी महिनादिनमा बाड्ने गरेको उहाँले बताउनुभयो । “अहिले ठूला गाउँरो विगारेर जग बनाउने प्रचलन छ, मानिसले आधुनिक सजावटका भाँडा खोजेको पाइयो, हामीले व्यवसायलाई त्यसै अनुरुप परिमार्जन गर्दै आयौं”, उहाँले भन्नुभयो, “कोइला बढी खपत हुने र आम्दानी कम हुने भएकाले फलाम छोडेर तामाका भाँडा बनाउन लागेका हौं, विदेशमा गरेको दुःखभन्दा यही सन्तुष्ट छौं, आरनबाटै कमाएको रकमले छोराछोरी पढाएर, बिहेदान गरियो, यसैलाई सन्तुष्टी मान्दै आएका छौं ।”

तामाका भाँडा बाहेक कर्नाल, सनाईलगायत बाजाका सामग्री र फिल्टरसमेत आफूहरूले बनाउँदै आएको जेठो भाइ देवीलाल विश्वकर्माले बताउनुभयो । पुर्ख्यौली पेसा धान्दै तीन भाइले मासिक एक लाख आम्दानी गर्न सफल भएकोमा उनीहरू सन्तुष्ट देखिन्छन् । गलकोटको हटिया बजार विस्तार भइरहेको सन्दर्भमा उनीहरूले आरनमा बनाएको तामाको भाँडा गलकोटेको रोजाइँ बन्दै आएको छ । आफ्नो पुर्ख्यौली सीप र पेशालाई सम्मानपूर्वक अङ्गालेका उनीहरूलाई आरन व्यवसायबाटै सबैतिर चिनिन सफल भएका पनि छन् ।

# तथ्यहरू भन्छन्- मुलुकको अर्थतन्त्र जोखिममा छैन

–रमेश लम्साल
काठमाडौं, २९ चैत (रासस)

पछिल्ला केही दिनदेखि नेपाल श्रीलङ्का हुँदैछ र आर्थिक अवस्था दुरुहपूर्ण अवस्थामा पुग्दैछ भन्दै सर्वत्र रूपमा चासो व्यक्त भइरहेको छ । यद्यपि, सरकारले अर्थतन्त्र ठीक अवस्थामा रहेको र अनावश्यक राजनीतिकरण गरिएको टिप्पणी गरेको छ । अर्थतन्त्र समस्यामा परेको भन्दै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) सम्बद्ध तीन पूर्व अर्थमन्त्रीले पत्रकार सम्मेलन नै गरेर सरकारमाथि औंला ठड्याउनुभयो । यसबीचमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी निलम्बित हुनुभयो ।

अघिल्लो सरकारले शैक्षिक योग्यतासम्बन्धी विवादका बीचमा लगानी बोर्डका प्रमुख कार्यकारी रहेकै अवस्थामा अधिकारीलाई गभर्नर नियुक्त गरेको थियो । प्रमुख प्रतिपक्षीले गभर्नरको प्रसङ्ग जोड्दै सरकारमाथि अर्थतन्त्र बिगारेको आरोप लगाएको हो । यसबीचमा सरोकारवाला निकायले पनि अर्थतन्त्रका बारेमा चासो व्यक्त गरिरहेका छन् । जिज्ञासा छ- के हामी श्रीलङ्का जस्तै सङ्कटमा फस्दै छौं ? तथ्यहरू भन्छन्- अवस्था बिल्कुल त्यस्तो छैन । स्थानीय तहको निर्वाचनको पूर्वसन्ध्यामा सरकारविरुद्ध जनमत बनाउने उद्देश्यका साथ गलत प्रचार गरिएको सत्तारूढ गठबन्धनको निष्कर्ष छ ।

गठबन्धनको बैठकमा सरकारको नेतृत्वकर्ता नेपाली कांग्रेसका सभापति एवम् प्रधानमन्त्री शेरबहादुर देउवाले नै सरकारको काम कारबाहीमा असहयोग भएपछि गभर्नरमाथि छानबिन समिति गठन गरिएको बताइसक्नुभएको छ । राज्यका कुनै पनि निकाय कानुनभन्दा माथि रहँदैछ र हुन सक्दैन । प्रश्न उठेपछि छानबिन हुन्छ र गलत नभएको अवस्थामा पुनः पदमा फर्किने अवस्था पनि रहन्छ । अर्थतन्त्रमा समस्या देखिएको भए त्यसको समाधान गर्ने दायित्व सरकारको मात्रै होइन । नेतृत्वकर्ताको हिसाबले सरकारको जिम्मेवारी महत्वपूर्ण भए पनि प्रमुख प्रतिपक्षीको पनि उत्तिकै भूमिका रहन्छ । किनकि साढे तीन वर्ष सरकारको नेतृत्वमा रहेको एमाले यतिबेला अर्थतन्त्र समस्यामा पार्न सरकार मात्रै लागेको जसरी प्रस्तुत भइरहेको टिप्पणी भइरहेको छ । अर्थतन्त्रको प्रमुख साझेदारका रूपमा रहेको निजी क्षेत्रले भने अर्थतन्त्रमा जोखिमका लक्षण देखिएको भए पनि हल्ला गरिएको जस्तो अवस्था नभएको स्पष्ट पारेको छ । आइतबार नेपाल चेम्बर अफ कमर्सले आफ्नो ७१औं वार्षिकउत्सव मनायो । सोमबार नेपालका उद्योगी व्यवसायीको छाता सङ्गठन नेपाल उद्योग वाणिज्य महासङ्घले ४५औं वार्षिक साधारणसभाको आयोजना गऱ्यो । उद्योगी-व्यवसायीका प्रमुख दुई संस्थाले अर्थतन्त्रको अवस्थाका बारेमा चासो व्यक्त गरे पनि ‘बजारिया हल्ला’ का आधारमा अर्थतन्त्रमा भयावह सङ्कट नै देखापरेको भन्ने अवस्था नरहेको निष्कर्ष निकालेका छन् । उनीहरूको एकै मत छ - समस्या छ, तर भयावह हुने अवस्थामा छैन । अर्थ मन्त्रालयका अनुसार चैत २८ गतेसम्म आन्तरिक ऋण रु आठ खर्ब ७३ अर्ब १९ करोड बराबर छ । यस्तै बाह्य ऋण रू नौ खर्ब ८० अर्ब ८० करोड गरी कूल सार्वजनिक ऋण रू १८ खर्ब ५४ अर्ब बराबर छ । जुन नेपालको गत आर्थिक वर्षको प्रारम्भिक कूल गार्हस्थ्य उत्पादनको करिब ४३.४ प्रतिशत बराबर जान्छ । कूल गार्हस्थ्य उत्पादनको तुलनामा सार्वजनिक ऋणको अंश दक्षिण एसिया र समान आर्थिक अवस्था भएको मुलुकको दाँजोमा न्यून छ । नेपाल श्रीलङ्का जस्तै आर्थिक सङ्कटमा पर्न लागेको अनावश्यक हल्ला गरिएको सन्दर्भमा सरकारले पछिल्लो विवरण सार्वजनिक गरेको हो । विवरणहरूमा जनाइएअनुसार श्रीलङ्काले कूल गार्हस्थ्य उत्पादन (जिडिपी) को तुलनामा झन्डै १०५ प्रतिशत बराबरको ऋण लिएको देखिन्छ । अल्पकालीन रूपमा भुक्तानी गर्नुपर्ने ऋणको मात्रा बढी देखिन्छ । चालु आर्थिक वर्षको फागुनसम्म बाह्य ऋणतर्फ रू १९ अर्ब १३ करोड र आन्तरिक ऋणतर्फ रू ५१ अर्ब तीन करोड गरी जम्मा रू ७० अर्ब १६ करोड बराबरको सावाँ र ब्याज भुक्तानी गरिएको छ ।

यस विवरणका आधारमा देशले भुक्तानी गर्नुपर्ने ठूलो दायित्वसमेत छैन । जुन नेपालको गत आर्थिक वर्षको प्रारम्भिक कूल गार्हस्थ्य उत्पादनको करिब ४३.४ प्रतिशत हुन जान्छ । सीमाभित्रै आन्तरिक तथा बाह्य ऋण रहेकाले आत्तिइहाल्नुपर्ने अवस्थामा नरहेको अर्थमन्त्री शर्माको भनाइ छ । सोमबार आयोजना गरिएको पत्रकार सम्मेलनमा पनि अर्थमन्त्रीले अर्थतन्त्रमा तथ्याङ्कको हिसाब हुने भएकाले विवरण नै नहेरी गलत प्रचार गरिएको बताउनुभएको थियो । चालु आर्थिक वर्षमा रु दुई खर्ब ३९ अर्ब बराबरको आन्तरिक ऋण उठाउने सरकारको लक्ष्य छ । त्यसमध्ये हालसम्म रु एक खर्ब करोड बराबर मात्रै आन्तरिक ऋण उठाइएको छ । हालसम्म रु एक खर्ब १६ अर्ब बराबरको बाह्य ऋण तथा रू १३ अर्ब ८८ करोड बराबरको वैदेशिक अनुदान गरी जम्मा रू एक खर्ब २९ अर्ब ८८ करोड बराबरको अन्तर्राष्ट्रिय विकास सहायता परिचालन भएको छ । नेपालको सार्वजनिक ऋण वाञ्छित सीमाभित्र नै रहेको पनि यो विवरणबाट प्रस्ट देखिन जान्छ । अर्थमन्त्री शर्माले राजनीतिक उद्देश्य पूर्तिका लागि अर्थतन्त्रमा सङ्कट आएको भनेर अनावश्यक हल्ला गरिएको उल्लेख गर्दै भन्नुभयो, “अर्थतन्त्र ठीक दिशातर्फ जाँदैछ । अनावश्यक हल्ला नगरौं । त्यसले कोही कसैलाई पनि फाइदा गर्दैन ।” कोरोना कहरका कारण समस्यामा परेको अर्थतन्त्र सामान्य अवस्थामा फर्किंदै छ । रुस र युक्रेनको सङ्घर्षका बाबजुद अन्तर्राष्ट्रिय बजारमा इन्धनको मूल्यवृद्धि भएको छ । यसले केही प्रभाव पारेको छ । वैदेशिक मुद्रा आर्जन गर्ने पर्यटन क्षेत्र बिस्तारै लयमा फर्कंदैछ । गत फागुन मसान्तसम्म रु ९१ अर्ब बराबरको विप्रेषण आप्रवाह भएको छ । उद्योगधन्दा ठीक ढङ्गले सञ्चालनमा छन् । राजश्व पनि लक्षित सीमाभन्दा बढी उठिरहेको छ । अर्थमन्त्रालयका अनुसार यही चैत २६ गतेसम्ममा अघिल्लो वर्षको सोही अवधिको तुलनामा १५.९० प्रतिशतले राजश्व वृद्धि भएका छ ।

सो अवधिमा रु सात खर्ब ५० अर्ब ३४ करोड बराबरको राजश्व सङ्कलन भएको छ । जुन राजश्व परिचालनमा बजेटले लिएको लक्ष्यको तुलनामा ६३.५६ प्रतिशत बढी । यस अवधिमा कर राजश्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १४.९३ प्रतिशतले बढेर रु छ खर्ब ९० अर्ब ३५ करोड बराबर पुगेको छ । गैरकर राजश्व २८.४२ प्रतिशतले बढेर रु ५९ अर्ब ९९ करोड पुगेको छ ।

सरकारले अनेकन प्रयास गर्दा पनि विकास निर्माणको खर्च भने प्रभावकारी देखिन सकेको छैन । यद्यपि निर्माण व्यवसायीलाई गर्नुपर्ने भुक्तानीको मात्रा बढी भएकाले त्यो मिल्ने बित्तिकै पूँजीगत खर्चको अवस्था पनि सकारात्मक देखिने विश्वास सरकारको छ । नियमित रूपमा ऋण पनि व्यापक रूपमा विस्तार हुनु पनि सकारात्मक देखिन्छ । आर्थिक सङ्कटमा फसेको श्रीलङ्काको उदाहरण यतिखेर नेपालमा धेरै दिन थालिएको सन्दर्भमा महासङ्घका अध्यक्ष शेखरले भन्नुभयो, “हामी श्रीलङ्का जस्तो हुँदैनौं, तर अहिले चनाखो भएनौं भने केही वर्षपछि खराब अवस्थामा भने पक्कै पुग्नेछौं ।” बजार हल्लाले निम्त्याएको आशङ्कालाई यहाँका उद्योगी, व्यवसायीले पनि नजिकबाट हेरेको बताउनुहुन्छ गोल्छा । अर्थतन्त्रमा ७७ प्रतिशत हिस्सा र ७५ प्रतिशतभन्दा बढी रोजगारी निजी क्षेत्रले प्रदान गरेको छ । चालु आवको सात महिनाको विवरणका आधारमा आत्तिनुपर्ने अवस्था नभएको अध्यक्ष गोल्छाको भनाइ छ । महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले पनि यसबीचमा अर्थतन्त्रका जोखिमका बारेमा धेरै सुन्नुपरेको छ । उहाँले निरन्तर भन्दै आउनुभएको छ- नेपाल कुनै पनि हालतमा श्रीलङ्का बन्नै सक्दैन । उहाँले भन्नुभयो, “समस्या छन् तर समाधान नै गर्न नसकिने अवस्थामा पुग्यो भन्ने होइन । त्यसका लागि हामी सबै सचेत हुनुपर्छ ।” उहाँले समस्याको पहिचान र त्यसको निरुपणका लागि ढिलाइ गर्न नहुनेमा जोड दिँदै आउनुभएको छ ।

निजी क्षेत्रमा साझा संस्थाका कार्यक्रममा नेपाल सरकारका मुख्यसचिव शङ्करदास बैरागीले पनि नियमित रूपमा आथित्यता ग्रहण गर्नुभएको छ । नेपाल श्रीलङ्का बन्न लागेको, जोखिम बढेको जस्ता अनेकन हल्ला पनि यसबीचमा भएका छन् । तर उहाँले देशको अवस्था खराब नभएको र हल्ला भएजस्तो समस्यामा नपरेको दृढताका साथ बताउँदै आउनुभएको छ । उहाँले भन्नुभयो, “जोखिमका केही लक्षण देखिएका छन् । हामी सबै मिलेर त्यसको समाधान निकाल्नुपर्छ । हामी खुला हृदयका साथ छलफल गर्छौं र समाधानको उपाय पनि निकाल्छौं ।”

वित्त नीति तथा मौद्रिक नीति सम्बद्ध उपकरणको प्रभावकारी कार्यान्वयन, विदेशी विनिमय सञ्चिति, विप्रेषण आप्रवाह, उद्योग व्यवसाय सञ्चालनमा भएका बढोत्तरी, कम उत्पादनशील क्षेत्रमा कर्जा प्रवाह निरुत्साहन, अनुत्पादक क्षेत्रका वस्तु आयात निरुत्साहनले सकारात्मक नतिजा निकाल्दैछ । यस्तै, सुन आयातमा कटौती, बैंकमार्फत विप्रेषण आप्रवाहमा थप ब्याज प्रोत्साहन, वैदेशिक सहायता प्राप्तिको प्रतिबद्धता समेतबाट अर्थतन्त्रको बाह्य दबाबको उपयुक्त व्यवस्थापन हुँदै जाने देखिन्छ । विदेशी मुद्रा सञ्चितिको अवस्था सामान्य नै रहे पनि यसलाई बढाउन विप्रेषण आप्रवाह बैंकमार्फत गर्ने, विलासी वस्तुको आयात घटाउने, विदेशी लगानीको उपयुक्त वातावरण तयार गर्ने, वैदेशिक सहायताको सोधभर्ना समयमै प्राप्त गर्ने, पूँजीगत खर्च बढाउने, उत्पादनशील क्षेत्रमा लगानी बढाउनेजस्ता विषयमा विश्लेषण तथा विमर्श गरी सोही अनुसार नीति निर्माण र कार्यान्वयन गराउन अर्थ मन्त्रालय अग्रसर छ । विगत तीन वर्षको औसत मुद्रास्फीति ५.१८ प्रतिशत रहेकामा चालु आर्थिक वर्षको पहिलो आठ महिनासम्मको औसत उपभोक्ता मुद्रास्फीति ५.४ प्रतिशत बराबर छ । पछिल्लो समयमा विश्व बजारमा कच्चा पेट्रोलियम पदार्थको मूल्य निरन्तर बढ्दै गएको कारण त्यसको प्रत्यक्ष प्रभाव नेपालको समग्र मूल्यस्तरमा परेकाले उपभोक्ता मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्न थप उपायहरू अवलम्बन गर्नुपर्ने आवश्यकता भने छ ।

# भरतपुर महानगर प्रमुखमा कांग्रेसका २५ जना आकांक्षी

रासस
चितवन, २९ चैत

भरतपुर महानगरको प्रमुख र उपप्रमुखमा नेपाली कांग्रेसबाट दुई दर्जन बढी आकांक्षी देखिएका छन् ।

प्रमुखमा २५ जना र उपप्रमुखमा २४ जनाले महानगर नगर समितिमा नाम दर्ता गराएका छन् । प्रमुखको उम्मेदवारमा केन्द्रीय सदस्य, पूर्वसांसद, बहालवाला जनप्रतिनिधि, पार्टीको जिल्ला तथा नगरको चुनावमा पराजित उम्मेदवारदेखि विजयी नेता आकांक्षी देखिएका छन् । केन्द्रीय सदस्य दिनेश कोइराला, टेकप्रसाद गुरुङ, प्रदेश मन्त्री मिलनबाबु श्रेष्ठ, उपप्रमुख पार्वती शाह ठकुरी, पूर्व जिल्ला सचिव उत्तम जोशी, निवर्तमान कोषाध्यक्ष शङ्कर कँडेल, प्रदेश कोषाध्यक्ष दीर्घमान श्रेष्ठ, महानगर सभापति चित्रसेन अधिकारी, निर्वतमान महानगर सभापति भरत अधिकारी, आकांक्षी हुनुहुन्छ ।

यस्तै पूर्व सांसद जगन्नाथ पौडेल, तारानाथ पौडेल, रामप्रसाद अधिकारी, विजय शर्मा भुसाल, नीलकण्ठ रिजाल, गौरीकुमारी श्रेष्ठ, मीना कुमारी खरेल, सुवोध प्रधान, शम्भुप्रसाद अर्याल, भरत गुरुङ, प्रकाश अधिकारी, प्रा डा केशवभक्त सापकोटा, राजेन्द्र डोटेल, डा सूर्यकान्त घिमिरे, हीरामणि अधिकारी र घनश्याम दवाडी रहनुभएको छ ।

यस्तै, उपप्रमुख पदका २४ जना आकांक्षी हुनुहुन्छ । टङ्कनाथ पौडेल, तारा गुरुङ, बुद्धिकान्त न्यौपाने, लक्ष्मी लामिछाने, नीरु कार्की, कल्पना पौडेल, देवेन्द्र गुरुङ, पूर्णबहादुर गुरुङ, राजीव न्यौपाने, वीरेन्द्र केसी, भूपतिदास सापकोटा, केदारनाथ बराल, रवी भद्र शर्मा खनाल हुनुहुन्छ । यस्तै निर्मलराज पौडेल, सुरवीर पोखेल, महेन्द्र श्रेष्ठ, एलिसा अधिकारी, सूर्यनाथ अधिकारी, गीता गुरुङ, विनु रायमाझी पौडेल, विजय घले, गौरा खरेल अधिकारी, भोजराज कौडाल र बिदुर केसी हुनुहुन्छ । नेपाली कांग्रेस चितवनका सभापति राजेश्वर खनालले क्षेत्रबाट सिफारिस भई आएका नामलाई पार्टीको विधान अनुसार केन्द्रमा पठाइने बताउनुभयो ।

# वैशाख २ गतेदेखि काठमाडौँमा ‘राष्ट्रिय ललितकला प्रदर्शन २०७९’

रासस
काठमाडौं, २९ चैत

नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको आयोजनामा आगामी वैशाख २ गतेदेखि ‘राष्ट्रिय ललितकला प्रदर्शनी २०७९’ हुने भएको छ ।

प्रदर्शनीको तयारी अन्तिम चरणमा पुगेको प्रतिष्ठानले आज पत्रकारसम्मेलन गरी जानकारी दिएको छ । प्रदर्शनीको उपराष्ट्रपति नन्दबहादुर पुनले उद्घाटन गर्ने कार्यक्रम तय गरिएको आयोजकले जनाएको छ । प्रदर्शनीका लागि ३६५ कलाकारका ४२६ कलाकृति दर्ता भएकामा ३४१ कलाकारका ३८९ कलाकृति प्रदर्शनीका लागि छनोट भएका प्रतिष्ठानका कुलपति कान्छाकुमार कर्माचार्यले जानकारी दिनुभयो । प्रदर्शनी भने एक महिनासम्म चल्ने छ ।

प्रतिष्ठानले यसपटक अरनिको राष्ट्रिय ललितकला प्रज्ञा-सम्मानबाट कलाकार काठमाडौँका कृष्ण मानन्धर र भक्तपुरका सूर्यबहादुर चित्रकारलाई सम्मानित गरिने भएको छ । उक्त सम्मानको राशि रु एक/एक लाखको रहेको छ । ललितलका लेखन पुरस्कार पत्रकार देवेन्द्र थुम्केलीलाई र ललितकला पत्रकारिता पुरस्कार सुशीला तामाङलाई प्रदान गरिने भएको छ । दुवै पुरस्कारको राशि रु २५ हजार रहेको छ ।




# वैशाखमा काठमाडौँको धारामा मेलम्चीको पानी पुग्ने: मन्त्री चौधरी

रासस
काठमाडौं, २९ चैत

खानेपानीमन्त्री उमाकान्त चौधरीले आउँदो वैशाखसम्ममा काठमाडौँको धारामा मेलम्चीको पानी पुग्ने बताउनुभएको छ।

मेलम्ची नदीको पानी आज पुनः पथान्तरण गरी उद्घाटन गर्दै उहाँले सो कुरा बताउनुभएको हो । मन्त्री चौधरीले १ नं डाइभर्सन गेटबाट पानी पथान्तरण गरी ३८ नं को गेट खोलेर उद्घाटन गर्नुभएको थियो।

गत असार १ गते गएको बाढीका कारण मेलम्ची खानेपानी आयोजनामा क्षति पुगेको थियो। सरकारले यही चैत मसान्तभित्र मेलम्चीको पानी काठमाडौँ पुऱ्याउने घोषणा गरेको थियो । पानी पठाउन आज सुरु गरिए पनि काठमाडौँमा उपलब्ध गराउन अझै दुई साता लाग्नसक्ने बताइएको छ। गत वर्ष चैत १७ गतेदेखि राजधानीमा मेलम्ची खानेपानी आयोजनाको पानी झार्न थालिएको थियो । दोस्रो चरणअन्तर्गत गत वैशाखमा १७ करोड लिटर पानी काठमाडौंमा वितरण थालिएको थियो।

परीक्षणका लागि गत असार १ गते मेलम्ची आयोजना विकास समितिले सुरुङमा पानी बन्द गरेको थियो। त्यही दिन मेलम्ची नदीमा बाढी आएसँगै मलेम्चीको पानी वितरण प्रक्रिया अवरुद्ध बनेको थियो । सुरुङमा प्रतिसेकेन्ड २६५ लिटर पानी हालिएको मेलम्ची खानेपानी विकास समितिका कार्यकारी निर्देशक वासुदेव पौडेलले बताउनुभयो।

सो अवसरमा उहाँले सरकारी लक्ष्यअनुसार चैत मसान्तभित्रै पानी सुरुङमा हाल्न पाएकामा खुसी व्यक्त गर्दै सरोकारवालाप्रति आभार प्रकट गर्नुभयो। मन्त्री चौधरीले स्थायी रूपमा पानी पठाउन एसियाली विकास बैंकको टोलीले गरेको भौगर्भिक अध्ययनको रिपोर्ट प्रतिवेदन पेस भएपछि कार्ययोजना बनाइने बताउनुभयो।

कार्यक्रममा उहाँले सन्तनेता स्वर्गीय कुष्णप्रसाद भट्टराईको सपना, त्याग, तपस्याको स्मरण पनि गर्नुभभयो । हेलम्बु गाउँपालिका अध्यक्ष नीमाग्याल्जेन शेर्पाले यहाँका बाढीपीडितको समस्या समाधानका लागि मन्त्री चौधरीलाई ज्ञापनपत्र बुझाउँदै सङ्घीय सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले ११ बुँदे ज्ञापनपत्र बुझाउँदै हेलम्बुका बाढीपीडितलाई सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट उपलब्ध गराउने रकम प्रतिपरिवार रु पाँच लाख तोकिएकामा उक्त रकम बढाएर प्रतिपरिवार कम्तीमा १५ देखि २० लाख उपलब्ध गराउने व्यवस्था मिलाइदिन अनुरोध गर्नुभयो।

मेलम्चीको पानी काठमाडौँ लगेबापत रोयल्टीको र बिक्री मूल्यको प्रतिशतमा मुनाफा बाँडफाँड बापतको २५ प्रतिशत सम्बन्धित गाउँपालिकालाई उपलब्ध गराउने व्यवस्थाका लागि पनि ठोस पहल गर्न उहाँले सरकारसँग आग्रह गर्नुभयो। कार्यक्रममा बागमती प्रदेशका स्वास्थ्यमन्त्री नीमा लामा, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष विश्व पौडेल, मन्त्रालयका सहसचिव तिरेसप्रसाद तिवारी, प्रमुख जिल्ला अधिकारी बेदनिधि खनाल, गाउँपालिका अध्यक्ष नीमाग्याल्जेन शेर्पालगायतको उपस्थिति थियो।



मिडिया अभिमुखीकरण : निर्वाचन आयोगद्वारा पोखरा आयोजित गण्डकी प्रदेशस्तरीय स्थानीय तह निर्वाचन २०७९ मिडिया अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै आयुक्त सगुन शम्सेर जवरा। तस्वीर : हरि बास्तोला, रासस


# कांग्रेसको एक महिने अभियान निर्वाचनको वातावरण बनाउन सफल

रासस
काठमाडौं, २९ चैत

नेपाली कांग्रेसले गत फागुन २९ गतेदेखि आरम्भ गरेको 'घरघर जाऔँ, कांग्रेस जिताऔँ' अभियान आज सम्पन्न भएको छ।

यो एक महिने अभियान देशका सातै प्रदेश, ७७ जिल्ला, ७५३ पालिका र तिनका सबै छ हजार ७४३ वडामा उत्साहका साथ व्यापक जनसहभागितामा सञ्चालन भएर सफलताका साथ सम्पन्न भएको कांग्रेसले जनाएको छ । अभियानका उपलब्धिबारे जानकारी दिन आज पार्टी केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमा प्रवक्ता डा प्रकाशशरण महतले अभियानका उद्देश्य पूरा भएको बताउनुभयो । पार्टीले अभियान सञ्चालनका क्रममा ७७ जिल्लामै केन्द्रीय प्रतिनिधि खटाएको थियो । अभियानको क्रममा कांग्रेसका हरेक तहका सङ्गठन परिचालित भएको उल्लेख गर्दै उहाँले पार्टीका सबै तहका कार्य समिति, भ्रातृ तथा शुभेच्छुक संस्थाका पदाधिकारी र सदस्य सक्रियरुपमा परिचालित भएको उहाँले जानकारी दिनुभयो। अभियानकै क्रममा टोल टोलमा समिति गठन भएको बताउँदै प्रवक्ता डा महतले वडा र टोलका साथीहरूको नेतृत्वमा देशभरका लाखौँ सदस्य परिचालित हुनु यसको सुन्दर पक्ष भएको उल्लेख गर्नुभयो । स्थानीय निर्वाचनको माहोल बनाउन अभियान अत्यन्त सफल भएको दाबी गर्दै प्रवक्ता महतले कांग्रेसको १४औँ महाधिवेशनका बेलाको प्रतिस्पर्धाले सिर्जना गरेको आपसी मतभेदलाई मेटाउँदै अभियानअन्तर्गत सबै तहका नेता कार्यकर्ता मतदाताको घरघरमा पुगेको जानकारी दिनुभयो । पार्टीभित्र एकता र ऊर्जा अभिवृद्धि गराउन अभियान सार्थक भएको उहाँको भनाइ थियो। कांग्रेसको नेतृत्वमा रहेको सरकार र स्थानीय सरकारले गरेका कामको बारेमा स्थानीय नागरिकलाई विस्तारमा जानकारी दिने काम अभियानअन्तर्गत भएको छ । संविधान बचाउन कांग्रेसले अन्य दलको अनुरोधमा सरकारको नेतृत्व सम्हाल्ने अवस्था आएको कुरा जनतालाई बुझाउन अभियान सफल भएको कांग्रेसको भनाइ छ । "सबैभन्दा लामो इतिहास भएको र प्रजातन्त्रको स्थापना, पुनःस्थापना र विकासमा समर्पित रहँदै आएको कांग्रेसबाट मात्रै देशको लोकतन्त्र र संविधान सुरक्षित रहन सक्छ । कांग्रेस विश्वका सबै मुलुकले पत्याएको पार्टी हो भन्ने सन्देश जनताबीच पुऱ्याउन यो अभियान सफल छ", उहाँले भन्नुभयो।

एमसीसीका सन्दर्भमा फैलाइएका भ्रम र अफवाहलाई चिर्न यो अभियान सफल भएको जानकारी दिँदै उहाँले अभियानले हिमालदेखि तराईसम्म, मेचीदेखि महाकालीसम्म नेपाली कांग्रेसको पक्षमा अभूतपूर्व लहर ल्याएको दाबी गर्नुभयो । कांग्रेसका नेता, कार्यकर्ता, शुभेच्छुक, समर्थक र मतदातामा उत्साहको सञ्चार भएको छ । तटस्थ देखिएका नागरिकमा पनि 'देशका सबै राजनीतिक दलले र विदेशले समेत पत्याएको भरपर्दो र देश चलाउने जिम्मेवार पार्टी कांग्रेस नै रहेछ' भन्ने सन्देश पुगेको उहाँले उल्लेख गर्नुभयो । अभियानका क्रममा पार्टीको प्रदेश, जिल्ला र पालिका तहमा पार्टीका प्रशिक्षण सम्पन्न भएका छन्। अभियानको क्रममा घरघरमा पुगेर नेता कार्यकर्ताले स्थानीय जनताका पिर मर्का, गुनासो र समस्या सुन्नुका साथै सङ्कलन गरेका छन् । कांग्रेससँग गुनासो राख्नेलाई सम्बोधन गर्ने कोसिस भएको छ। स्थानीय घोषणापत्र निर्माण गर्न नागरिक पङ्क्तिसँग सार्वजनिक संवाद गरिएको छ। यसले स्थानीय निर्वाचन लक्षित स्थानीय घोषणापत्र निर्माणलाई सहयोग पुगेको पार्टी कार्यालयले जनाएको छ । अभियानले कांग्रेसका नेता र कार्यकर्तामा अभूतपूर्व उत्साह जगाएको र आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा कांग्रेसको जित सुनिश्चित भए पनि विशिष्ट राजनीतिक परिस्थितिमा भएको गठबन्धनलाई सँगै लिएर हिँड्ने सदासयअनुरुप आफूहरू स्थानीय निर्वाचनमा तालमेलको प्रयासमा रहेको उहाँको भनाइ थियो । प्रवक्ता डा महतले भन्नुभयो, "कांग्रेसले पहिलेदेखि नै स्थानीय आवश्यकता र परिस्थितिअनुरुप सत्ता साझेदार दलहरूबीच स्थानीय तहको निर्वाचनमा तालमेल गर्न सकिने सम्भावना औँल्याएको थियो । राष्ट्र तथा जनताको हित, लोकतान्त्रिक पद्धतिको संरक्षण र सम्वर्द्धन तथा पार्टीको हितलाई केन्द्रमा राखेर आवश्यकताका आधारमा छिट्टै तालमेलको निर्णय हुनेछ।"





## काठ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०७८/१२/३० गते)

यस सामुदायिक वनको स्वीकृत कार्ययोजना अनुसार आ.व. २०७५/०७६ र ०७६/०७७ मा उत्पादन भई समुहको घाटगद्दीमा विभिन्न लट बनाई राखिएका साल गोलिया थान– २००९ को १३१८७.६१ घ.फि. काठ गोलिया तथा साल मिश्रित दाउरा ३४ चट्टा मात्र जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी डिभिजन वन कार्यालय नवलपुर, नवलपरासी ( ब.सु.पू.) को च.न. १३३१,१३३२ मिति २०७८/११/२३ गतेको सहमति पत्र अनुसार लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित मितिले २१ दिनसम्म प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरीद गरी २२ औं दिन बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिन्छ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समुहको कार्यालयको सूचनापटीमा टाँस गरिएको छ।

**सम्पर्क ठेगाना**
**श्री विराट सामुदायिक वन उपभोक्ता समुह**
**हुप्सेकोट-३, नवलपरासी (ब.सु.पू.)**